# चतुसच्च दीपनी



अनु. मानीमैयाँ मानन्धर

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

# चतुसच्च दीपनी

मूल लेखकः

अग्गमहापण्डित लेदी सयादो डी. लिट्

अनुवादिकाः

नानीमैयाँ मानन्धर

Downloaded from http://dhamma.digital/

प्रकाशक :

बद्रिलक्ष्मी खड्गी
सूर्य बहादुर ''
कमल लक्ष्मी ''
दया लक्ष्मी ''
कूल लक्ष्मी ''
कुमारी पाटी,
ललितपुर ।
२०४५।६।१४

बुद्ध सम्वत् : २५३१
नेपाल सम्वत् : ११०८

तृतीय संस्करण : ५००
मूल्य : अमूल्य

मुद्रक : लक्ष्मी छापाखाना, यट्खा काठमाडौं, नेपाल ।

Downloaded from http://dhamma.digital/

# समर्पण

नेपालको वर्तमान 'थेरवाद सासन'मा
'संघ नायक' हुनु भएका वयोवृद्ध
श्रद्धेय प्रज्ञानन्द महास्थविरज्यूको
कर-कमलमा
सश्रद्धा
समर्पित

Downloaded from http://dhamma.digital/

# भूमिका

यस बीसौं शताब्दीको शुरुआत्मा बर्माका बौद्ध विद्वान् कहलिएका 'अग्गमहापण्डित (भदन्त ञाण महास्थविर) लेदी सयादो डी. लिट'ले लेख्नु भएको अनेकौं दीपनी मध्ये "चतुसच्च दीपनी" पनि एक हो।

यस दीपनीमा 'खुद्दक निकाय'को 'पटिसम्भिदामग्ग पालि'मा रहेको साह्रै गम्भीर र गहन शब्दलाई सरल र सुगम तरिकाले चार आर्य-सत्यलाई १६ प्रकारले अर्थ दर्शाउनुभई प्रत्येकको स्पष्टसँग व्याख्या गर्नु भएको छ।

'पटिसम्भिदामग्ग पालि'मा चार आर्य-सत्यलाई यसरी उल्लेख गरिएको छ—

१. **"दुक्खस्स पीलनट्ठो, संखतट्ठो, सन्तापट्ठो, विपरिणामट्ठो;**

२. **समुदयस्स आयुहनट्ठो, निदानट्ठो, संयोगट्ठो, पलिबोधट्ठो;**

Downloaded from http://dhamma.digital/

३. निरोधस्स निस्सरणट्ठो, पविवेकट्ठो,
अमतट्ठो, असंखतट्ठो;

४. मग्गस्स निय्यानट्ठो, हेतुट्ठो,
दस्सनट्ठो, अधिपतेय्यट्ठो ।"

१. दुःख-सत्यको अर्थ चारमा—

(क) **पीलनट्ठो** — "दुःख, कष्ट दिने स्वभाव;

(ख) **संखतट्ठो** — बार बार सुरक्षाको लागि निर्माण गर्ने स्वभाव;

(ग) **सन्तापट्ठो** — लगातारताप दिने, सन्तापित गर्ने स्वभाव;

(घ) **विपरिणामट्ठो**— विपरीत भई परिवर्तन हुने स्वभाव ।"

२. समुदय-सत्यको अर्थ चारमा—

(क) **आयुहनट्ठो** — "दुःख-वस्तु, दुःख-कृत्यलाई जम्मा गर्ने, संग्रह गर्ने स्वभाव;

(ख) **निदानट्ठो** — दुःख-वस्तु, दुःख-कृत्यलाई निरन्तर धारण गर्ने स्वभाव;

(ग) **संयोगट्ठो** — दुःख-वस्तु, दुःख-कृत्यसँग मजबूत भई टाँसिरहने स्वभाव;

Downloaded from http://dhamma.digital/

(घ) **पलिबोधट्ठो** — दुःख-कृत्यबाट मुक्त हुन नसक्ने गरी बाधा दिने स्वभाव।"

३. निरोध-सत्यको अर्थ चारमा —

(क) **निस्सरणट्ठो** — "दुःख-चक्रबाट निरोध हुने, मुक्त हुने स्वभाव;

(ख) **पविवेकट्ठो** — बाधक तत्त्वबाट अलग्ग हुने स्वभाव;

(ग) **अमतट्ठो** — विनाश हुने स्वभाव नभएको अवस्था;

(घ) **असंखतट्ठो** — बार-बार निर्माण नहुने स्वभाव (निर्वाण)।"

४. मार्ग सत्यको अर्थ चारमा —

(क) **निय्यानट्ठो** — "संसार चक्रबाट निष्क्रमण गर्ने कारण भएको स्वभाव;

(ख) **हेतुट्ठो** -- शुद्ध र पवित्र भएको गुण धर्म समूह-लाई राम्रोसँग स्थिर गरी अभिवृद्धि गर्ने स्वभाव;

(ग) **दस्सनट्ठो** — अथाह संसार-चक्रमा स्वप्नमा पनि देख्न

Downloaded from http://dhamma.digital/

नसक्ने चार आर्य-सत्य धर्मलाई अवबोध गर्न सक्ने स्वभाव;

(घ) **अधिपतेय्यट्ठो** —तीन तृष्णाबाट मुक्त भई आफ्नो नाथ आफै हुन सक्ने स्वभाव ।"

—(पृष्ठ १३, १४, १५)

यस दीपनीमा चार सत्यलाई प्रत्येकको चार चार प्रकारले अर्थ मात्र व्यक्त गरिएको होइन, अपितु 'पीलनट्ठ' दु:ख-सत्यको लक्षण भएको कारणले 'संखत, सन्ताप, विपरिणाम दण्ड' द्वारा ब्रह्म-भूमि, देव-भूमि, मनुष्य-भूमि र अपाय-भूमिका सत्त्वहरूलाई क्रमश: आदिमा 'संखत दण्ड' द्वारा, मध्यमा 'सन्ताप दण्ड' द्वारा र अन्तमा 'विपरिणाम दण्ड' द्वारा कसरी दु:ख कष्ट दिइन्छ भन्ने कुरा पूज्य सयादोज्यूले यसरी स्पष्ट पार्नु भएको छ—

"व्यक्तिले आफ्नो पहिलेको जन्ममा ध्यान र समापत्तिको निमित्त उद्योगाभ्यास गरी ब्रह्मलोकमा उत्पन्न हुनु र ब्रह्म-स्कन्ध प्राप्त गर्नु हो । यस्तो अवस्थामा प्राप्त गर्न उद्योग गरिएको यो उद्योग आदिमा महान् 'संताप दु:ख' हो । यस्तो अवस्था प्राप्त गर्नको निमित्त जङ्गल र पहाडको एकान्त स्थानमा गई साधारण मानिसले सहन नसकिने अथवा गर्न नसकिने गम्भीर तपस्या गर्नु पर्ने हुन्छ ।"

"मानिसको जन्ममा समापत्ति लाभ भई ब्रह्म-स्कन्ध प्राप्त भएमा त्यस व्यक्तिलाई ब्रह्म-स्कन्धबाट उत्पन्न हुने 'म',

Downloaded from http://dhamma.digital/

'म' भन्ने अभिमानको आगोले जहिले पनि मध्यमा 'संखत दण्ड' दिइरहन्छ । यस्तै किसिमले अरू खतराहरू जस्तै 'सत्काय दृष्टि' रूपी आगो, 'शाश्वत-दृष्टि' रूपी आगो, 'उच्छेद-दृष्टि' रूपी आगो, ब्रह्म भुवनमा ऋद्धि शक्तिमा मस्त हुने 'मद' रूपी आगो र धर्ममा प्रमाद हुने 'पमाद' रूपी आगोले 'सन्ताप-दण्ड'द्वारा त्यस व्यक्तिलाई सदा दण्ड दिइने हुन्छ ।...... ..त्यस ब्रह्मा बाँचिरहुञ्जेलसम्म त्यस ब्रह्म-स्कन्धबाट विभिन्न प्रकारका क्लेश रूपी आगो निस्की त्यसलाई जीवनभर दुःख-कष्ट दिइरहने हुन्छ ।"

—(पृष्ठ – १८, १९)

"अन्तमा 'विपरिणाम दण्ड'द्वारा कष्ट दिनुको अर्थ हो– त्यस सत्वको स्कन्ध नाश भएर जाने, विलीन भएर जाने, मरण भएर जानेलाई विपरिणाम दण्ड भनिन्छ । त्यस ब्रह्माको स्कन्ध विनाश हुने कारणले त्यस व्यक्ति हीन भएको काम-लोकमा, काम-भवमा पतन हुनु पर्ने हुन्छ । .........त्यसकारण त्यस ब्रह्म-स्कन्ध पीलनट्ठ, संखतट्ठ, सन्तापट्ठ र विपरिणामट्ठ चारै वटा दुःख अर्थ पूर्ण भएकोले दुःख-सत्य भनिन्छ ।"

—(पृष्ठ – १९, २०)

देवलोकमा देव-स्कन्ध प्राप्त गर्नको लागि दान गर्नु पर्ने, शील पालन गर्नु पर्ने भन्नु नै आदिमा 'संखत दण्ड'द्वारा दुःख कष्ट दिने हुन् ।

Downloaded from http://dhamma.digital/

"...... ..दान गरे पनि, शील पालन गरे पनि हीन रूपले गरेमा हीन ज़ुनी नै प्राप्त हुन्छ। दान, शील जति जति उच्च हुन्छ; महान् हुन्छ; त्यति त्यति नै उसको जन्म उच्च र महान् हुन्छ ।"

"त्यस देव-स्कन्धबाट साह्रै तीव्र भएको राग-अग्नि निस्केर जीवनभर ती देवताहरूलाई दग्ध गर्दछ। त्यस्तै द्वेष-अग्नि, मोह-अग्नि, शोक-परिदेव-दु:ख-दौर्मनष्य-उपायास-अग्नि, योग्य अनुसार दन्केर ती देवताहरूलाई दग्ध गर्दछ। यसरी छ देवलोकमा भएका देव-स्कन्धका ती देवताहरूलाई अनेक प्रकारको 'सन्ताप दण्ड'द्वारा पीडा, कष्ट दिन्छ ।"

"ती देवताहरू मनोरमपूर्वक रसरङ्ग गरिरहँदासम्म पनि दन्किरहेको आगो निभे झैं स्कन्धहरू अकस्मात् लोप भएर गई प्राय: गरी ती देवताहरू अपाय दुर्गतिमा पतन हुन्छन् । यसरी देव-स्कन्धले देवताहरूलाई अन्तमा 'विपरिणाम दण्ड'द्वारा कष्ट दिने गर्दछ ।"

— (पृष्ठ -- २१, २२, २३)

"मानिसहरूको 'संखत दण्ड' देवताहरूको भन्दा सहन सजिलो भएको कारणले 'सन्ताप दण्ड' लाखौं गुणा सहन गाह्रो हुन्छ । 'विपरिणाम दण्ड' पनि अति द्रुत गतिले आइपुग्ने हुन्छ । मनुष्यहरूको आयु देवताहरूको आयुको तुलनामा आँखा झिम्का-उज्जेल विज़ली चम्कुञ्ज़ेसम्म मात्र हुन्छ ।"

— (पृष्ठ – २५)

Downloaded from http://dhamma.digital/

"अपाय भूमिका सत्त्व प्राणीको सन्दर्भमा अकुशल दुश्चरित्र कर्मको कारणले प्राणीलाई अपाय दुर्गतिमा उत्पन्न गराउँछ ।.......प्राणीहरू आफ्नो इच्छानुसार पाप कर्म गर्छन् र त्यसमा रमाउँछन् । ती दुःख भनी थाहा पाउँदैनन् । त्यसैले अपाय 'संखत दण्ड' साँच्चै कै कष्ट दिने भए पनि कष्ट जस्तो नलागेको हो। तर साह्रै भयंकर परिणाम निस्कने भएकोले निश्चय नै 'संखत दण्ड' अति भयावह छ ।"

"संक्षिप्तमा: अग्नि नरकमा पतन भएको सत्त्वको हाड, नशा,मासु, मुटु, फोक्सो, गिदी आदि साराका सारा अग्नि-पुञ्ज भई तिनीहरूको छालाबाट दन् दन् बल्ने अग्नि ज्वाला निस्की लाखौं वर्ष, दसौं लाख वर्ष, करोडौं वर्ष, असंख्य वर्षसम्म पनि अति तीव्र भएको अग्नि ज्वालाले दग्ध भई दुःख कर्म अन्त नभएसम्म मुक्त हुन नसकिने हुन्छ ।"

"अन्तमा च्यूति नामक 'विपरिणाम दण्ड' पनि एक कर्मको कारणले एक अपाय भूमिमा परी त्यस कर्म सिद्धिने बित्तिकै 'विपरिणाम दण्ड' अधि बढेर च्यूति हुने अवस्थामा पहिलेको भन्दा पनि गहिरिएको अपाय भूमिमा पतन हुने गर्दछ । हजारौं हजार जन्म समूहमा पनि सुगति भूमिमा आउने अवसर प्राप्त नहुने हुन्छ ।"

--(पृष्ठ - २८, २९)

यसरी ब्रह्म-लोक, देव-लोक, मनुष्य-लोकका सत्त्वहरूलाई दुःख-सत्यको पीलनट्ठको आधारमा संखतट्ठ, सन्तापट्ठ र विपरिणामट्ठले सदा दुःख दण्ड दिइरहने हुन्छ ।

Downloaded from http://dhamma.digital/

कृषकहरूलाई खेतिबारी गर्नु पर्ने दुःख, व्यापारीहरूलाई दिनहुँ व्यापार गरी जीवन यापन गर्नु पर्ने दुःख, नोकरी गर्नेहरू-लाई सदा नोकरीमा धाउनु पर्ने दुःख– यसरी एक दिन होइन, दुइ दिन होइन; एक महिना होइन, दुइ महिना होइन; एक वर्ष होइन; दुइ वर्ष होइन; जीवनभर आफ्नो लागि होस् अथवा आफ्नो परिवार पालनको लागि होस्— यी संखत, सन्ताप र विपरिणाम दण्ड भोगिरहनु पर्ने हुन्छ ।

यसकारण इन्द्रिय-सुखमा भुलेर बस्ने मनुष्य; देवता र ब्रह्माहरूलाई 'महान् दुःखमा फँसेका' भनी प्रज्ञावान पण्डित-हरूले विचार गर्दछन् ।

अर्को शब्दमा भन्ने हो भने जीवन यापनको लागि पैसा कमाउनु पर्ने र कमाएका पैसा खान-पिन गरी, लुगाफाटो र अन्य आवश्यक सरसामान किनी खर्च हुँदै जाने, बिग्रँदै सिद्धिँदै जाने भएकोले यी तीन प्रकारका दुःख दण्डद्वारा संसार व्यापक भएको कुरा बुझ्नु पर्दछ ।

त्यस्तै अथाह संसारको जन्म-क्रममा दान, शील, भावना-को अभ्यास गरी प्राप्त भएको सुख, आनन्द पनि अनुभव गर्दै सिद्धिँदै गइरहेका मनुष्य-जन्म, देव-जन्म, ब्रह्म-जन्महरू राम्रो-सँग बुझ्नु पर्दछ ।

सत्काय-दृष्टि अर्थात् 'म', 'मेरो' भन्ने धारणा हेर्दा साधारण जस्तो भए पनि यो साह्रै भयानक र भयंकर छ । स्रोतापत्ति मार्गले काट्ने तीन संयोजन— सत्कायदृष्टि, विचि-

Downloaded from http://dhamma.digital/

किल्सा, शीलव्रतपरामार्श मध्ये सत्काय-दृष्टिको भावबाट मुक्त हुन साह्रै कठिन छ । सत्काय-दृष्टिको परिभाषा छोटकरीमा यसरी दिइएको छ—

**"सन्तो काय सक्कायो,**
**मिच्छा पस्सति" ती दिट्ठि ।**

अर्थ— साँच्चै भएको नाम-समूह, रूप-समूहलाई जस्तो छ त्यस्तै नहेरीकन 'सत्त्व, पुद्गल, आत्मा, जीव छ' भनी उल्टो दृष्टिले हेर्नुलाई सत्काय-दृष्टि भनिन्छ ।

पूज्य लेदी सयादोज्यूले यस दीपनीमा 'सत्काय-दृष्टि'लाई यसरी उल्लेख गर्नुभएको छ—

"अपाय दुःखको बीज भएको अकुशल कर्महरू सत्काय-दृष्टिसँग टाँसिएको हुन्छ । सत्काय-दृष्टि बलियो हुँदा अकुशल कर्म पनि प्रबल हुन्छ । सत्काय-दृष्टि मलिन हुँदा अकुशल कर्म-हरू पनि मलिन हुन्छन् । सत्काय-दृष्टि विलीन हुँदा अकुशल कर्म पनि विलीन हुन्छ । ...... सत्काय-दृष्टि नामक नरक धातुले दुःखलाई सयौं बार थाहा भए तापनि नरक-धातुबाट प्रेरणा दिने भएकोले दुश्चरित्र कर्म गरिरहन्छन् ।

केही पनि थाहा नपाएका र मिथ्या-दृष्टिले संयुक्त भएका मानिसहरूको विषयमा त भन्ने नै के ? तिनीहरूलाई नरक अग्निले राम्रैसँग दग्ध गर्ने हुन्छ ।"

—(पृष्ठ – ३९, ४०)

Downloaded from http://dhamma.digital/

संसारमा दुःख छ । संसार दुःखले व्याप्त छ । सत्त्व प्राणीहरू दुःखले व्याकुल र व्यथित छन् । किनभने दुःखको कारण छ; जसलाई समुदय-सत्य भनिन्छ ।

पूज्य सयादोज्यूले यस दीपनीमा दुःख समुदय-सत्यको व्याख्या चार प्रकारले यसरी दर्शाउनु भएको छ—

"जन्मको प्रवाह निरन्तर रूपले उत्पन्न हुने कारण हो । दुःख प्रवाह अविछिन्न रूपले भोग्नु पर्ने कारण हो । तृष्णा क्षय भइसकेका अर्हन्त पुद्गलहरूको 'च्युति' पछि जन्म-प्रवाह निरोध हुन्छ । दुःखको प्रवाह पनि निरोध हुन्छ । त्यसकारण सत्त्व प्राणी समूहहरूले 'जन्मको प्रवाह र दुःखको प्रवाह वृद्धि भइ-रहने तृष्णाको खेल हो' भनी निश्चित रूपले जान्नु पर्दछ ।

लोकमा पञ्चकामगुण नामक तृष्णा भएको हुनाले त्यस तृष्णालाई दमन गर्न सक्ने व्यक्तिहरू स्त्री, पुत्र-पुत्री पालन-पोषण गर्नु पर्ने सम्बन्धी सङ्खत दुःख, सन्ताप दुःख, विपरि-णाम दुःखबाट मुक्त हुन्छन् । त्यस तृष्णामा भुलेर बसेका व्यक्ति-हरूलाई स्त्री, पुत्र-पुत्री पालन-पोषण गर्नु पर्ने सम्बन्धी तीन प्रकारका दुःखबाट सधैं पीडा, कष्ट दिइरहने हुन्छ ।"

—(पृष्ठ – ४९)

"त्यस तृष्णाबाट 'आयुहन कृत्य' द्वारा ती व्यक्तिहरूलाई त्यस वस्तुको आलम्बनलाई ग्रहण गर्ने, आफ्नो अधीनमा

Downloaded from http://dhamma.digital/

राख्ने, सुख अनुभव गर्ने इच्छा मात्रै वृद्धि हुने गर्दछ । यी इच्छाहरू त्याग गर्ने चित्त उत्पन्न हुने सम्भावना कम हुन्छ ।

'निदान कृत्य' द्वारा जति भयो त्यति बढाउने इच्छा, झन् वढी अधीनमा राख्ने इच्छा, जति सुख अनुभव गर्‍यो त्यति बढाउने इच्छा वृद्धि हुँदै जान्छ । सन्तोष हुने चित्त उत्पन्न हुने सम्भावना कम हुन्छ ।

'संयोग कृत्य'द्वारा त्यस वस्तु त्यस आलम्बनको वीचमा कसिएर बाँधेको जस्तो साह्रै बलियो चित्तको बन्धनलाई उत्पन्न गर्दछ । त्यसबाट मुक्त हुने चित्त उत्पन्न हुने सम्भावना कम हुन्छ ।

'पलिबोध कृत्य'द्वारा त्यस वस्तु आलम्बनको अभिवृद्धिबाट छुटेर गई चित्त शान्त पार्नको लागि मार्गमा लागे तापनि त्यस मार्गमा जान नसक्ने गरी रोक्ने, बाधा दिने हुन्छ । त्यस आलम्बनबाट अलग्ग भई चित्त स्थिर गर्न पनि नसक्ने हुन्छ । रूप-तृष्णाले यी चार कृत्यद्वारा ती व्यक्तिहरूलाई दुःख वृद्धि गराउँदछ । यस्तै प्रकारले शब्द-तृष्णा आदिमा पनि यही नियम लागू हुन्छ ।''

—(पष्ठ - ५०, ५१)

निरोध-सत्यको अर्थ चारमा उहाँले यसरी व्याख्या गर्नु भएको छ—

Downloaded from http://dhamma.digital/

"निस्सरणट्ठको अर्थ हो— दृष्टि, विचिकित्सा प्रमुख भइ साह्रै मलिन भएको क्लेश वट्ट र अपाय भव नामक विपाक वट्टबाट बिलकुल मुक्त हुनु । पृथग्जन भई राजा, देवराज-इन्द्र, महाब्रह्मा भइरहे तापनि उनीहरूमा दृष्टि, विचिकित्सा, दुश्चरित्र, दुराजीव अपाय भवबाट बिलकुल मुक्त हुनु; पूर्णतः शान्त हुनु 'निस्सरणट्ठ' हुँदैन । तिनीहरू दृष्टि, विचिकित्सा, दुश्चरित्र, दुराजीव सहित भइरहने हुनाले अपायबाट बिलकुल मुक्त हुन सक्तैनन् ।"

"स्रोतापन्न पुद्गलहरूको अनेक जन्म, अनेक कल्प बितिसके पनि आ-आफ्नो चित्तमा मिथ्या-दृष्टि, दुश्चरित्र, दुराजीव धर्मले बाधा दिने; अपाय दुःखले बाधा दिनेबाट तिनीहरू बिलकुल मुक्त भइसकेका हुन्छन् । यसरी संसारमा पाप धर्म र अपाय दुःखले बाधा दिनु; विध्वंस हुनुबाट मुक्त हुनु स्रोतापन्न पुद्गलहरूले अनुभव गर्ने 'पविवेकट्ठ' हो ।"

"स्रोतापन्न पुद्गलहरूले प्राप्त गरेको दृष्टि, विचिकित्सा, दुश्चरित्र, दुराजीव अपाय दुःखबाट बिलकुल मुक्त भएको 'सउपादिसेस निर्वाण' असंख्य कल्प बितिसके पनि विनाश हुँदैन । ·········निर्वाण विनाश भई, जीर्ण भई, नाश भई आफूमा त्यस निर्वाण फेरि उत्पन्न गर्नको लागि दान गर्नुपर्ने दुःखमा फस्नुपर्दैन । ऋषि हुने, श्रमण हुने दुःखमा फस्नु पर्दैन । यसरी बारबार बनाउनु पर्ने सङ्खार दुःखबाट मुक्त हुनु स्रोतापन्न पुद्गलहरूले अनुभव गरिरहेकोलाई 'असंखतट्ठ' भनिन्छ ।"

"त्यस सत्काय-दृष्टि, विचिकित्सा, दुश्चरित्र, दुराजीव

Downloaded from http://dhamma.digital/

अपाय दुःखबाट बिलकुल मुक्त भएको 'सउपादिसेस निर्वाण', 'अनमतग्ग संसार'मा कुनै कालमा पनि जीर्ण भई विनाश हुँदैन । ...... स्रोतापत्ति मार्गमा पुगेको जन्मदेखि 'अनुपादिसेस निर्वाण' प्राप्त नभएसम्म अनेक जन्म, अनेक कल्प विते पनि कहिल्यै विनाश नहुने; नसिद्धिने हुँदा अनाथपिण्डक, विशाखा जस्ता ती अनगिन्तो 'वट्टाभिरत स्रोतापन्न' हरूको शरण स्वरूप भएको र सँधै तिनीहरूलाई सुरक्षा गरी आएको हुन्छ । त्यसकारण ती स्रोतापन्न पुद्गलहरूले अनुभव गरिरहेकोलाई 'अमतट्ठ' भनिन्छ ।"

—(पृष्ठ – ६५, ६६, ६७, ६८)

स्रोतापन्न पुद्गलहरूले मार्ग-सत्यको 'निय्यानट्ठ' लाई प्राप्त गरी अनुभव गर्ने तरीका पूज्य सयादोज्यूले यसरी स्पष्ट पार्नु भएको छ—

"स्रोतापत्ति मार्गमा पुग्दा त्यस पुद्गलको सन्तानमा भएको दृष्टि, विचिकित्सा सबै निरोध हुन्छन् । .........अपाय संसारबाट बिलकुल मुक्त हुन्छ । यस जन्म पछि मनुष्य-लोक, देव-लोक, ब्रह्म-लोक नामक सुगति संसार मात्रै बाँकी रहन्छ । त्यस सुगति संसारमा पनि मिथ्या-दृष्टि मनुष्य, देवता, ब्रह्मा भई कहिल्यै उत्पन्न हुँदैनन् ।"

"स्रोतापत्ति-मार्गमा पुगेदेखि सत्काय-दृष्टि, विचिकित्सा, दुश्चरित्र, दुराजीव अपाय दुःखबाट मुक्त हुने 'सउपादिसेस निर्वाण' नामक 'लोकुत्तर अवट्ठाभुवन'मा पुग्ने हुन्छन् । आर्य भूमि अथवा

Downloaded from http://dhamma.digital/

लोकुत्तर भूमिमा रहने सत्त्वहरूको रूपमा घुमिरहने हुन्छन् ।

यसरी घुमिरहँदा मनुष्य-सुख, देव-सुख, ब्रह्म-सुख अनुभव गरी घुम्न मन नलागेपछि विरक्त भई क्रमशः 'अनुपादिसेस निर्वाण' तिर ढल्कन्छन् ।"

"स्रोतापत्ति-मार्ग प्राप्त भएको क्षणदेखि ती पुद्गलहरूमा आर्य सत्पुरुषहरूको गुण धर्महरू दृढ र स्थिर रूपले प्रतिस्थापित भई एक जन्मबाट अर्को जन्ममा क्रमशः वृद्धि हुँदै जान्छन् । त्यस्तै शील, समाधि र प्रज्ञा गुणहरू पनि एक जन्मबाट अर्को जन्ममा क्रमशः दृढ हुँदै जान्छन् । सतिपट्ठान, सम्मप्पधान, इद्धि-पाद, इन्द्रिय, बल, बोझङ्ग, मग्गङ्ग धर्म गुणहरू एक जन्मबाट अर्को जन्ममा क्रमशः दृढ हुँदै जान्छन् ।…… यसैलाई 'हेतुट्ठ' भनिन्छ ।"

"स्रोतापत्ति-मार्ग प्राप्त भएको क्षणदेखि जन्म-जन्मान्तर र कल्प-कल्पान्तरमा चक्कर लगाउँदै 'अनुपादिसेस निर्वाण' प्राप्त गर्ने जन्मसम्ममा ती पुद्गलहरू—

(१) दुःख-सत्यमा प्रमादी हुँदैनन्;
(२) समुदय-सत्यमा प्रमादी हुँदैनन्;
(३) निरोध-सत्यमा प्रमादी हुँदैनन्;
(४) मार्ग-सत्यमा प्रमादी हुँदैनन् ।

मनले विचार गर्दा र प्रत्यवेक्षण गर्दा खेरी आकाशमा नक्षत्र ताराहरूलाई देखे झैं चार आर्य-सत्य धर्म तिनीहरूको ज्ञानमा प्रकट हुन्छन् । यसैलाई 'दस्सनट्ठ' भनिन्छ ।"

Downloaded from http://dhamma.digital/

"ती स्रोतापन्न पुद्‌गलहरूले 'अधिपतेय्यट्ठ'को अर्थलाई कसरी अनुभव गर्दछन् भने स्रोतापन्न पुद्‌गलहरूमा यस जन्मदेखि जन्म-जन्मान्तर, कल्प-कल्पान्तरमा उत्पन्न भएको दान, शील, भावना आदि कुशल धर्महरू तृष्णाको अधिकारवाट मुक्त हुन्छन् । .........'अनुपादिसेस निर्वाण'मा पुग्नको लागि साधन-स्वरूप हुन्छन् ।"

— (पृष्ठ – ५६, ५७, ५८, ५९, ६०)

यसरी यस पुस्तकमा पूज्य सयादोज्यूले चार आर्य-सत्य-लाई प्रत्येकको चार चार प्रकारले व्याख्या गर्नु भई आर्य-सत्यको यथार्थ स्वरूप स्पष्टसँग दर्शाउनु भएको छ । पाँच स्कन्ध मध्ये रूप-स्कन्ध एउटाको मात्र अनित्य लक्षण देख्न सकेमा अनागामी मार्ग-फलमा पुग्न सक्ने र नाम-स्कन्ध चार मध्ये एक-एकलाई राम्रोसँग देख्न सकेमा अर्हत मार्ग र फलमा प्रतिष्ठित हुन सकिन्छ ।

त्यसकारण रूप-स्कन्ध र नाम-स्कन्धको अनित्य लक्षण छुट्टा छुट्टै राम्रोसँग देख्नको लागि सत्काय-दृष्टि आफूबाट बिल्कुल हटाउनु पर्दछ । यसको निमित्त—

**"सत्तिया विय ओमट्ठो - डय्हमानो व मत्थके ;**
**सक्काय दिट्ठि पहानाय - सतो भिक्खु परिब्बजे ।"**

टाउकोमा आगो बल्दा र छातीमा भालाले रोप्दा आगो निभाउने र भाला झिक्ने नै पहिलो र प्रमुख काम भए झैं

Downloaded from http://dhamma.digital/

सत्काय-दृष्टि रूपी अग्नि र भालालाई हटाउनको लागि यथाशिघ्र निरन्तर रूपले विपस्सना ध्यानमा लाग्नु पर्ने हुन्छ ।

प्रस्तुत पुस्तक चतुसच्च-दीपनी वर्मीज "दीपनी संग्रह" द्वितीय संस्करण, सन् १९७७ बाट अनुदित भएको हो । तर यो पुस्तक मैले सोझै बर्मी भाषाबाट अनुवाद गरेकी होइन ।

केही महिना अघि पूज्य बुद्धघोष महास्थविरज्यूले 'चतुसच्च दीपनी' नेपाली भाषामा अनुवाद गर्नु पर्ने र प्रकाशनको लागि दाताहरू पनि तयार भइरहेको कुरा मलाई भन्नुभयो । उहाँको वचनलाई सहर्ष स्वीकार गरी अनुवाद गरी दिने निश्चय गरें । यसको लागि अंग्रेजी पुस्तक 'THE MANUALS OF BUDDHISM' हेरी 'चतुसच्च दीपनी'को अनुवाद कार्य आरम्भ गरें । तर केही पृष्ठ अनुवाद गरिसकेपछि वर्मीजमा रहेको 'चतुसच्च दीपनी' सँग तुलना गर्दा वर्मीजबाट अनुवाद गर्नु नै सजिलो र सिलसिलाबद्ध भएको जस्तो देखिएकोले यस पुस्तकको पछिल्लो अंश धेरैजसो वर्मीजबाट नै अनुदित भएको छ । हुनत वर्मीजमा पनि कहीं-कहीं भाव स्पष्ट नभएको ठाउँमा अंग्रेजीमा हेरी सकेसम्म भाव स्पष्ट पार्न खोजेकी छु ।

तैपनि यसमा कहीं-कहीं बर्मीजपनको ध्वनि निस्के जस्तो लाग्छ भने कहीं-कहीं नेवारीपन झल्किएको जस्तो भान हुन्छ । झन् कतै कतै त 'भाव नै अस्पष्ट छ कि' जस्तो लाग्छ । जे होस् पूज्य बुद्धघोष महास्थविरज्यूको अथक प्रयास, परिश्रम र प्रयत्नको फलस्वरूप नै यो पुस्तक पाठक वर्ग समक्ष प्रस्तुत गर्न

Downloaded from http://dhamma.digital/

सकिएको हो ।

पूज्य बुद्धघोष महास्थविरज्यूले बर्मीज पुस्तक हेरी नेपाल भाषामा भन्नुभए अनुसार त्यसलाई नेपालीमा उल्था गर्दै लेखेकी मात्र हुँ । पूज्य महास्थविरज्यूको सत् प्रयत्न, सत् प्रयास-को फलस्वरूप नै यो पुस्तक यस रूपमा निस्कन सकेको हो । यसको श्रेय उहाँलाई नै छ । यति मात्र होइन; श्रद्धेय महास्थ-विरज्यूले 'दुइ शब्द' समेत लेख दिनु भई यस पुस्तकको अङ्ग पूर्ण गरी दिनु भयो । अतः श्रद्धेय महास्थविरज्यूको अथक परिश्रम र निस्वार्थ कार्यको लागि म उहाँलाई हृदयदेखि आभार व्यक्त गर्दछ ।

यसमा रहेका कुनै कुनै पालि शब्द संस्कृतमा अनुवाद गर्दा अलि अमिल्दो र अप्ठेरो जस्तो देखिएकोले ती शब्दहरू मल पालिमा नै सानो अक्षरमा उद्धृत गरी दीएकी छु ।

यो पुस्तक अनुवाद गर्दा समयको स्वतन्त्रता दिने पूज्य-वर पिताजी श्री पञ्चनारायण मानन्धरज्यूमा हार्दिक कृतज्ञता ज्ञापना गर्दछु । साथै भाइहरू र परिवारका अन्य सदस्यहरूलाई 'साधुवाद' छ ।

प्रस्तुत पुस्तक प्रकाशनार्थ श्रद्धापूर्वक अर्थ-सहयोग दिनु-हुने महानुभावहरू : श्री नन्दसिद्धि गुभाजु, श्रीमती रत्नदेवी शाक्य, श्रीमती रत्नमाया शाक्य, श्रीमती लक्ष्मी शाक्य, सुश्री दया खड्गी र उहाँका परिवारहरू सबै चन्दादाताहरूलाई मेरो हृदयदेखि 'साधुवाद' छ । साथै आवरण पष्ठ(कभर पेज)-

Downloaded from http://dhamma.digital/

को नक्सा डिजाइन गरी चन्दास्वरूप प्रदान गर्नु हुने श्री बुद्धरत्न शाक्य,(Art Land) लाई पनि मेरो हार्दिक धन्यवाद। 'फेरिफेरि पनि यस्तो धर्म-दान कार्यमा अधि बढ्न सकून्' भनी म उहाँहरूलाई 'मंगल कामना' व्यक्त गर्दछु।

अन्तमा 'चतुसच्च दीपनी'मा रहेको अमूल्य निधिसमान-का चार सत्यका सोह्र प्रकारको अर्थलाई हृदयङ्गम गरी अप्रमादी भई सत्काय दृष्टिलाई निषेध रूपले प्रहाण गरी अनित्य लक्षणलाई अवबोध गरी निर्वाणलाभी हुन सकून्। सम्पूर्ण पाठक-वर्गमा यही मेरो हार्दिक शुभ-कामना छ।

अस्तु !

"चिरं तिट्ठतु सद्धम्मो !"

— नानीमैयाँ

१२/५५६, क्षेत्रपाटी,
काठमाडौं, नेपाल।
२०४५ कार्तिक ६, द्वादशी।
फोन नं. २-२४९५२, २-२१३१७

Downloaded from http://dhamma.digital/

# दुइ शब्द

भगवान् बुद्धको शूक्ष्मातिशूक्ष्म गम्भीरातिगम्भीर उपदेशलाई सरल तरिकाबाट सम्झाई बुझाई दिने पवित्र उद्देश्यले १९ सौं शताब्दीको अन्त्य र बीसौं शताब्दीको शुरूआतको विशिष्ट बौद्ध विद्वान कहलिएका 'अग्गमहापण्डित भद्दन्त लेदी सयोदा'ज्यूले लेख्नु भएको अनेक 'दीपनी' र अरू महत्वपूर्ण ग्रन्थहरू मध्ये आठ वटा ग्रन्थ संग्रह गरिएका "दीपनी संग्रह" नामक ग्रन्थ बर्मी भाषामा प्रकाशित भएको छ । यसै ग्रन्थबाट प्रस्तुत पुस्तक "**चतुसच्च दीपनी**" राष्ट्रिय भाषा नेपालीमा सुश्री नानीमैयाँज्यूले अनुवाद गर्नु भएको हो ।

'दीपनी' = दीप + नी; दीप = प्रकाश अथवा ज्योति; नी = धारण गर्नु । अतः 'दीपनी'को अर्थ हो, प्रकाशलाई धारण गर्नु । त्यसैले "**चतुसच्च दीपनी**" को अर्थ हो; चतुर्आर्य सत्यलाई प्रकाश गरी स्पष्टसँग दर्शाउनु ।

यस पुस्तकमा सत्यको अर्थ १६ प्रकारले विवरण सहित स्पष्ट रूपले दर्शाइएको छ ।

बर्मा देशको मौंग्वा नगरमा त्यस नगरका नगरवासी तथा विहार दायकहरू— माउँच्य र माउँसांलैंहरूले चतुर्आर्य

Downloaded from http://dhamma.digital/

सत्यको अर्थ १६ लाई व्याख्या सहित थाहा पाउने इच्छाले लेदी सयादोज्यूलाई निवेदन गर्नु भयो । सयादोज्यूले तिनीहरूको निवेदन अनुसार यो पुस्तक लेख्नु भएको हो । यो भन्दा पहिले पनि नेपालमा अग्गमहापण्डित लेदी सयादोज्यूले लेख्नु भएको ग्रन्थको अनुदित पुस्तक ६ वटा प्रकाशित भइसकेका छन् ।

यस पुस्तकका अनुवादिका सुश्री नानीमैयाँज्यूले अनुवाद गर्नु भई प्रकाशित भइसकेका पुस्तकहरू हुन्–– (१) मग्गङ्ग-दीपनी (२) बोधिपक्खिय-दीपनी (३) नियाम-दीपनी (४) नियाम-दीपनी (बर्मी अनुवाद) । त्यस्तै पूजनीय भिक्षु अनिरूद्ध महास्थबिरज्यूबाट अनुदित 'विपस्सना-दीपनी' र आर. बी. वन्द्य-ज्यूद्वारा अनुदित 'पञ्च आलोक' पनि प्रकाशनमा आइसकेका छन् ।

अहिले फेरि प्रस्तुत पुस्तक "**चतुसच्च दीपनी**" बर्मीज पुस्तक आयुष्मान ञाणपुण्णिकले नेपाल भाषामा अनुवाद गरेको पाण्डुलिपि कापि हेरी मैले नेपाल भाषाबाट भने अनुसार सुश्री मानन्धरज्यूले नेपाली भाषामा अनुवाद गर्दै लैजानु भएको हो ।

सुश्री नानीमैयाँज्यूले लेदी सयादोले लेख्नु भएको अमूल्य ग्रन्थ "**चतुसच्च दीपनी**" को अनुवाद गर्नु भई राष्ट्रिय भाषा भाषीहरूको समक्ष राख्नु भई साँच्चै नै जनसेवाको कार्य गर्नु भयो ।

उहाँ एक गृहस्थ भएर पनि धर्ममा श्रद्धा एवम् ध्यान भावनामा विशेष अभिरूचि राख्नु हुन्छ । भगवान् बुद्धको महान धर्मलाई अध्ययन र मनन गर्नुका साथै गम्भीर पुस्तकहरू अनु-

Downloaded from http://dhamma.digital/

वाद गर्नु भई बहुजन हित एवम् कल्याणको भावनाले प्रेरित भई प्रकाशनमा समेत ल्याउने कोशिश गर्नु सुश्री नानीमैयाँज्यूमा भएको विशेष गुणहरू हुन् ।

उहाँको अरू राम्रा राम्रा मौलिक तथा अनुदित पुस्तक-हरू केही संख्यामा प्रकाशित भइसकेका छन् ।

१०–१२ वर्षदेखि नेपालमा विपश्यना भावना गर्ने जन इच्छा र अभिरूचि वृद्धि भएको देखिन्छ । यस्तो समयमा "**चतुसच्च दीपनी**" जस्तो गम्भीर विषय भएको पुस्तक प्रकाशन-मा आउनु निश्चय पनि समय सापेक्ष्य र समयानुकूल हो भनी सम्झन्छु । मलाई आशा एबम् विश्वास छ कि प्रस्तुत पुस्तकबाट नेपाली पाठक-वर्ग निकै नै लाभान्वित हुनेछ । साथै भगवान् बुद्धको सूक्ष्म एवम् गम्भीर धर्मलाई अझ अध्ययन र अभ्यास गरी गम्भीर प्रज्ञा ज्ञानको स्वयं अधिकारी बनी बुद्ध-धर्मको गहनता र उपयोगिताको विषयमा सफल हुन सक्नेछ ।

**श्री** बद्रीलक्ष्मी खड्गी र परिवार उपासिकाले यस्तो अमूल्य पुस्तक प्रकाशित गर्नु भई ठूलो पूण्य आर्जन गर्नु भयो । तसर्थ श्री बद्रीलक्ष्मी खड्गी र उहाँका परिवार उपा-सिकालाई धेरै साधुवाद छ । साथै आबरण पृष्ठ (कभर पेज) डिजाइन गरी दिने श्री बुद्धरत्न शाक्य (Art land) लाई पनि धन्यवाद छ ।

यो पुस्तक "नेपाल बौद्ध परियत्ति शिक्षा" को 'कोविद परियत्ति सद्धम उपाधि कक्षा'को अन्तिम वर्षमा समावेश भएको छ ।

Downloaded from http://dhamma.digital/

अन्तमा यस्तो अमूल्य पुस्तकको नेपाली भाषामा स्तर-युक्त अनुवाद गरी दिनु भएकोमा सुश्री नानीमैयाँज्यूलाई हार्दिक साधुवाद तथा मङ्गल कामना व्यक्त गर्दछु । साथै भविष्यमा 'लेदी सयादोज्यूले लेख्नु भएको अरू दीपनीहरू पनि अनुवाद गर्दै लैजान सकोस्' भनी हार्दिक शुभेच्छा व्यक्त गर्दछु !

अस्तु !

**भिक्षु बुद्धघोष महास्थविर,**
केन्द्रिय परीक्षा नियन्त्रक ।
नेपाल बौद्ध परियत्ति शिक्षा

**श्री सुमंगल विहार,**
**लुकुसी, ललितपुर,**
**नेपाल ।**
**मिति – २०४५. कार्तिक ४ ।**

Downloaded from http://dhamma.digital/



स्व. अष्टमाया खड्गी
जन्म : १९७५ कार्तिक, २० गते,
मृत्यु : २०४३, कार्तिक १ गते ।

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

# प्रकाशकीय

हाम्रा प्रातः स्मरणीय माता अष्टमाया आफ्ना बौद्ध साथीहरूको सत्संगत एवम् बुद्धधर्मको अनुयायी हुने सौभाग्य पाएकोमा गर्व गर्दै पूज्य भन्तेहरूबाट बारम्बार पाएका सिकी आएका उपदेशहरू सुनाइरहने गर्नु हुन्थ्यो । उहाँ आफ्ना घर गृहस्थीको कामबाट फुर्सद पाएको बेला र पुण्यतिथिहरूको दिनमा बुद्धपुजा एवम् भन्तेहरूको दर्शन गर्न प्रायः जसो गरेर शाक्य सिंह बिहार, सुमंगल विहारमा गइरहनु हुन्थ्यो । यसरी नै भन्तेहरूबाट वारम्वार त्रिरत्न सम्वन्धी हुने धर्म-देशनाहरू सुन्दै जाँदा त्रिरत्न प्रति उहाँको बढ्दै गएको श्रद्धा, आस्था एवम् विश्वासको कारणबाट हामीहरूलाई समेत विहारमा लगी धर्म उपदेश सुन्न लगाई रहनु हुने हाम्रा माता आफ्ना प्रत्येक पूजापाठको अन्तिम चरणमा 'मेरा छोराछोरीहरू सुखी रहून् !' कल्याण होस् ! भन्ने कामनाको साथसाथै हुने पुण्यानुमोदन आज पनि हाम्रो कानमा गुञ्जिरहेको जस्तो लाग्छ । उहाँको भनाई मात्र होइन प्रत्येक व्यवहारमा यी भावनाहरू झलिकरहन्थ्यो । उहाँ जस्तो आदर्श आमाका गुणको व्याख्या जति गरे पनि नसक्ने मात्र होइन गुणको बदलामा जे जति गरे पनि न्यून नै रहने छ । स्वयं भगवान् बुद्धले समेत आफ्नो परलोक हुनु भएका मातृ गुणको बदला चुकाउन त्रायतिंस देवलोकमा जानुभई गम्भीर अभिधर्मको देशना गर्नु भई निर्वाणसम्म पुग्ने मार्ग-

Downloaded from http://dhamma.digital/

फलमा आफ्नी आमालाई प्रतिस्थित गराइदिनु भयो । यसरी अग्रश्रावक सारिपुत्र महास्थविरज्यूले पनि आफ्नी आमाको बदला चुकाउन मार्गफलसम्म प्रतिस्थित गराइदिनु भयो । अत: माताको गुण चुकाउनु हामी सबैको परम् कर्तव्य सम्झी सवदो प्रयास गर्नु नितान्त आवश्यक हुन आउँछ । यसरी आफूलाई सच्चा वौद्ध उपासिका सम्झिने हाम्री माताले पूजनीय भन्तेहरू-वाट प्राप्त भएका उपदेश अनुसार मरणासन्नकालसम्म पनि 'अरहँ' जप्दै २०४३ साल, कार्तिक १ गते, शनिवारको दिन विहान ५ वजेको दिनमा हामीलाई छोडी परलोक जानु भयो । यस प्रकार हामी गुणवती आमाको त्रिरत्न प्रतिको आस्था एवं श्रद्धा-लाई कदर गर्दै उहाँको स्मृतिमा, परलोक हुनुभएको दुइ वर्षको पुण्य तिथिको उपलक्ष्यमा बुद्धोपदेशित कुनै न कुनै पुस्तक प्रकाशन गर्ने भावनावाट उत्प्रेरित भई पूजनीय बुद्धघोष भन्ते समक्ष निवेदन गर्दा वर्माका अग्गमहापण्डित लेदी सयादो डी. लिट्का अनेक दीपनीहरू मध्ये अमूल्य पुस्तक 'चतुसच्च दीपनी' लाई सुश्री नानीमैयाँ मानन्धरज्यूद्वारा अनुवादित गरी प्रेसमा पठाई-सकेको र सो पुस्तकको केही संख्यामा भए पनि प्रकाशनमा ल्याउन आज्ञा पाएकोमा भाग्यशाली सम्झी सहर्ष शिरोपर गर्‍यौं ।

भगवान् बुद्धले बुद्धत्व प्राप्त गरिसक्नुभए पछि सर्वप्रथम मृगदावनमा पञ्चभद्र वर्गियहरूलाई धर्मचक्र प्रवर्तनको रूपमा देशना भएका चार आर्यसत्य कल्याणकारी एवं अति महत्त्वपूर्ण विषय वस्तुहरू समाविष्ट भएको प्रस्तुत पुस्तक ५०० (पाँच सय) थान मात्र भए पनि प्रकाशनमा ल्याउन पाएकोमा अनु-वादिका प्रति आभार प्रकट गर्दै यस पुस्तक प्रकाशनमा ल्याउने

Downloaded from http://dhamma.digital/

अवसर प्रदान गर्नु हुने पूजनीय बुद्धघोष भन्ते प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

अन्तमा 'सम्पूर्ण बौद्ध उपासक-उपासिकाहरूले अध्ययन-मनन गरी शील समाधि प्रज्ञा व्यवहारिक जीवनमा उतारी निर्वाणलाई साक्षात्कार गर्न सकुन्' यही हाम्रो हार्दिक कामना छ...

"इदं मे पुञ्ञं निब्बाणस्स पच्चयो होतु !'

**प्रार्थी**

बद्रिलक्ष्मी खड्गी
सूर्यबहादुर ,,
कमल लक्ष्मी ,,
दया लक्ष्मी ,,
कुल लक्ष्मी ,,

कुमारी पाटी,
ललितपुर ।
२०४५।६।१४

Downloaded from http://dhamma.digital/

# विषय-सूचि


| विषय | पृष्ठ |
|---|---|
| भूमिका | १–१८ |
| दुइ शब्द | १–४ |
| प्रकाशकीय | अ–इ |
| स्कन्धादि निर्देशन | १–४ |
| (i) पाँच स्कन्ध | १ |
| (ii) बाह्र आयतन | २ |
| (iii) अठार धातु | ३ |
| तीन धातु-समूह प्रतीत्यसमुत्पाद | ५–१२ |
| सत्यका सोह्र प्रकारको अर्थ | १३–१६ |
| (i) दुःख-सत्यको अर्थ चार | १३ |
| (ii) समुदय-सत्यको अर्थ चार | १४ |
| (iii) निरोध-सत्यको अर्थ चार | १५ |
| (iv) मार्ग-सत्यको अर्थ चार | १५ |
| दुःख-सत्यका चार अर्थको व्याख्या | १७–४८ |
| (क) ब्रह्मलोकमा दुःख दण्ड | १८ |


Downloaded from http://dhamma.digital/

(ख) देवलोकमा दुःख दण्ड २१
(ग) मनुष्यलोकमा दुःख दण्ड २५
(घ) अपाय भूमिमा दुःख दण्ड २८

**कुशलभन्दा अकुशल बढी** ३०

**कृषकहरूलाई दुःख दण्डले कष्टदिने** ३२

**छ द्वार आलम्बनमा तृष्णा रूपी अग्नि दन्कने तरिका** ३७

सत्काय दृष्टि ३९
संसारमा प्राणीहरू कसरी घुमिरहन्छन् ? ४१

**पाँच बधक** ४३

(i) अर्को किसिमको वधक ४४
(ii) अपायमा पतन गराउने धर्महरू ४४
(iii) केही तर्क ४५
(iv) दुर्गतिमा अनन्त प्राणीहरू ४५
(v) तिर्यक भूमिमा रहने प्राणीहरू ४६
(vi) नरकमा रहने प्राणीहरूको संख्या ४६
(vii) सुगतिमा भन्दा दुर्गतिमा जाने बढी ४६

**समुदय-सत्यका चार अर्थको व्याख्या** ४९–५५

(क) समुदय-सत्य ४९
(ख) समुदय स्वभावको दृटान्त ४९
(ग) समुदय-सत्यको अर्थ चौबीस ५०
(घ) कसरी मुक्त हुन सक्दैन ५०
(ङ) तीन तृष्णाको व्याख्या ५१
(च) काम-तृष्णाको स्पष्टिकरण ५२

Downloaded from http://dhamma.digital/

(छ) आनन्द लिने बगाएर लैजाने तृष्णा ५३
(ज) रस समानको ध्यान सुत्र ५४
(झ) भव-तृष्णाको स्पष्टिरकण ५४

**मार्ग-सत्यका चार अर्थको व्याख्या ५६–६०**

(क) निय्यानट्ठलाई अनुभव गर्ने तरिका ५६
(ख) लोकुत्तर भूमिमा रहने सत्त्वहरू ५७
(ग) हेतुट्ठलाई अनुभव गर्ने तरिका ५८
(घ) दस्सनट्ठलाई अनुभव गर्ने तरिका ५९
(ङ) अधिपतेय्यट्ठलाई अनुभव गर्ने तरिका ५९

**निरोध-सत्यका चार अर्थको व्याख्या ६१–६८**

(क) सउपादिसेस निर्वाणको स्पष्टिकरण ६१
(ख) घट्ने, पोल्ने, धमिलो हुने हुँदैन ६१
(ग) सीदा समुद्र र सउपादिसेस निर्वाण ६२
(घ) ठूला-ठूला माछाहरूसँगको उपमासँग आर्य पुद्गलहरू ६३
(ङ) १. निस्सरणट्ठ ६४
२. पविवेकट्ठ ६५
३. असंखतट्ठ ६६
४. अमतट्ठ ६७

**सत्यको अर्थ सोह्रसँग चार कृत्य मिलाई दर्शाएको कुरा ६९–७०**

(i) त्रि-लक्षण अन्तर्गत भएको विधि ६९
(ii) अनित्य लक्षण प्रधान ७०

**प्रेरणा ७२**

Downloaded from http://dhamma.digital/

# चतुसच्च दीपनी

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।"

उनी भगवान् अर्हत् सम्यक् सम्बुद्धलाई नमस्कार ।

## स्कन्धादि निर्देशन

### पाँच स्कन्ध

"फेणपिण्डूपमं रूपं, वेदना बुब्बुलूपमा ।
मरीचिकूपमा सञ्ञा, सङ्खाराकदलूपमा ।
मायूपमञ्च विञ्ञाणं, देसितादिच्च बन्धुना ।"*

अर्थ – रूपलाई 'म' भनी आसक्त भई भरोसा लिन-लायक नभएको, ठोस सार केही नभएको, पानीको फोका समान हुन् । वेदनालाई 'म' भनी आसक्त भई भरोसा लिने ठोस, सार

---

*संयुक्त निकाय, खन्धवग्गो, खन्धसंयुत्त 'फेणपिण्डूपमसुत्तं' –२२. ९५. १०५

Downloaded from http://dhamma.digital/

आत्मा भन्ने शरीर नभएको कारणले केही सार नभएको पानीको फोका समान हुन् । सञ्ञालाई 'म' भनी आसक्त भई भरोसा लिने ठोस, सार आत्मा भन्ने शरीर नभएको कारणले केही सार नभएको मृगतृष्णा समान हुन् । स्पर्श, चेतना आदि सङ्खारलाई 'म' भनी आसक्त भई भरोसा लिने ठोस, सार आत्मा भन्ने शरीर नभएको कारणले केही सार नभएको केराको बोट समान हुन् । विञ्ञाणलाई 'म' भनी आसक्त भई भरोसा लिने ठोस, सार आत्मा भन्ने शरीर नभएको कारणले केही सार नभएको इन्द्रजाल समान हुन् ।

यसरी आदित्यबन्धु भगवान् बुद्धले भन्नुभयो ।

## बाह्र आयतनहरू

| छ आध्यात्मिक आयतनहरू | छ बाह्य आयतनहरू |
|---|---|
| **चक्खायतन** | **रूपायतन** |
| **सोतायतन** | **सद्दायतन** |
| **घानायतन** | **गन्धायतन** |
| **जिव्हायतन** | **रसायतन** |
| **कायायतन** | **फोट्ठब्बायतन** |
| **मनायतन** | **धम्मायतन** |

**"सुञ्ञोगामो सुञ्ञोगामोति खो भिक्खवे छन्नेतं अज्झत्तिकानं आयतनानं अधिवचनं, चक्खायतनस्स, सोताय-**

Downloaded from http://dhamma.digital/

**तनस्स, घानायतनस्स, जिह्वायतनस्स, कायायतनस्स, मनायतनस्स, गामघातकचोरा ति खो भिक्खवे छन्नेतं बाहिरानं आयतनानमधिवचनं रूपातयनानं, सद्दायतनानं, गन्धायतनानं, रसायतनानं, फोट्ठब्बायतनानं, धम्मायतनानं ।''***

अर्थ— भिक्षुहरू ! ध्वस्त भएको शून्य भएको, गाउँ भन्नुको अर्थहरू हो– छ प्रकारका आफ्नो सन्तानमा भएका आँखा, कान, नाक, जिब्रो, काय र मन नामक आयतनहरूको नाउँ । भिक्षुहरू ! गाउँलाई दु:ख-कष्ट दिई शास्ति गरी जबरजस्ती लुटेर मार्ने डाँकुहरू भन्नुको अर्थ हो – छ प्रकारका बाहिरका शत्रुभाव भएका रूप, शब्द, गन्ध, रस, स्पर्श, धर्म नामक आयतनहरूको नाउँ ।

## अठार धातु

| | | |
|---|---|---|
| चक्खुधातु | रूपधातु | चक्खुविञ्ञाणधातु |
| सोतधातु | सद्दधातु | सोतविञ्ञाणधातु |
| घानधातु | गन्धधातु | घानविञ्ञाणधातु |
| जिह्वाधातु | रसधातु | जिह्वाविञ्ञाणधातु |
| कायधातु | फस्सधातु | कायविञ्ञाणधातु |
| मनोधातु | धम्मधातु | मनोविञ्ञाणधातु |

---

*संयुत्तनिकाय, सलायतनवग्गो, सलायतनसंयुत्त, आसिविसवग्गो, आसिविसोपमसुत्त ।

Downloaded from http://dhamma.digital/

धातुको अर्थ हो— "अत्तनो स्वभावं धारेती ति धातु" यी अठार प्रकारका धातुमा पुद्‌गल, सत्त्वहरूको इच्छाअनुसार केही गरिदिने स्वभाव छैन। आ-आफ्नो स्वभाव कृत्यलाई मात्र धारण गर्ने हुनाले धातु भनिन्छ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# तीन धातुसमूह : प्रतीत्यसमुत्पाद

"लोकसमुदयञ्च भिक्खवे देसेस्सामि लोकनिरोधञ्च।

(क) कथञ्च भिक्खवे लोकसमुदय ?

(१) चक्खुञ्च पटिच्च रूपेच उप्पज्जति चक्खु-विञ्ञाणं तिण्णं संगतिफस्सो, फस्स पच्चया वेदना, वेदना पच्चया तण्हा, तण्हापच्चया उपादानं, उपादानपच्चया भवो, भवपच्चया जाति, जातिपच्चया जरामरण सोकपरिदेव दुक्ख-दोमनस्सुपायासा संभवन्ति, एवमेतस्स केवलस्स दुक्खक्खन्धस्स समुदयो होति।

(२) सोतञ्च पटिच्च सद्देच उप्पज्जति सोत-विञ्ञाणं, तिण्णं संगतिफस्सो...... समुदयो होति;

(३) घानञ्च पटिच्च गन्धेच उप्पज्जति घान-विञ्ञाणं तिण्णं संगतिफस्सो...... समुदयो होति;

(४) जिह्वञ्च पटिच्च रसेच उप्पज्जति जिह्वा-विञ्ञाणं तिण्णं संगतिफस्सो...... समुदयो होति;

(५) कायञ्च पटिच्च फोट्ठब्बेच उप्पज्जति काय-विञ्ञाणं तिण्णं संगतिफस्सो...... समुदयो होति;

(६) मनञ्च पटिच्च धम्मेच उप्पज्जति मनो-विञ्ञाणं तिण्णं संगतिफस्सो...... समुदयो होति;
एवञ्च भिक्खवे लोकसमुदयो।

Downloaded from http://dhamma.digital/

### (ख) कथञ्च भिक्खवे लोकनिरोधो ?

(१) चक्खुञ्च पटिच्च रूपेच उप्पज्जति चक्खुविञ्ञाणं तिण्णं संगतिफस्सो; फस्सनिरोधा वेदनानिरोधो; वेदनानिरोधा तण्हानिरोधो; तण्हानिरोधा उपादाननिरोधो; उपादाननिरोधा भवनिरोधो; भवनिरोधा जातिनिरोधो; जातिनिरोधा जरामरण सोकपरिदेव दुक्खदोमनस्सुपायासा निरुज्झन्ति; एवमेतस्स केवलस्स दुक्खक्खन्धस्स निरोधो होति, एवञ्च भिक्खवे लोकनिरोधो ।

(२) सोतञ्च पटिच्च सद्दे च उप्पज्जति सोतविञ्ञाणं तिण्णं संगतिफस्सो...... लोकनिरोधो;

(३) घानञ्च पटिच्च गन्धेच उप्पज्जति घानविञ्ञाणं तिण्णं संगतिफस्सो...... लोकनिरोधो;

(४) जिव्हञ्च पटिच्च रसेच उप्पज्जति जिव्हाविञ्ञाणं तिण्णं संगतिफस्सो...... लोकनिरोधो;

(५) कायञ्च पटिच्च फोट्ठब्बेच उप्पज्जति कायविञ्ञाणं तिण्णं संगतिफस्सो...... लोकनिरोधो;

(६) मनञ्च पटिच्च धम्मेच उप्पज्जति मनोविञ्ञाणं तिण्णं संगतिफस्सो...... लोकनिरोधो;
एवञ्च भिक्खवे लोकनिरोधो ।''*

---

* निदानवग्ग, संयुत्त पालि ।

Downloaded from http://dhamma.digital/

भगवान् बुद्धले भन्नुभयो—

"भिक्षुहरू ! संसारमा सत्त्व प्राणीको बार-बार उत्पत्ति र वृद्धि भएको र निरोध, शान्त र विलीन भएको क्रम म तिमीहरूलाई बताउँछु ।

(१) भिक्षुहरू ! सत्त्व प्राणीको बार-बार उत्पन्न हुनुको अर्थ के हो ? चक्षुधातु र **वर्णसण्ठान** नामक **रूप-धातु**लाई कारण गरी चक्षु-विज्ञान धातु उत्पन्न हुन्छ । चक्षु-धातु, रूप-धातु, चक्षु-विज्ञान नामक धातु तीनको सङ्गम हुँदा स्पर्श धर्म उत्पन्न हुन्छ । स्पर्श धर्म उत्पन्न हुने कारणले अनुभव गर्ने वेदना धर्म उत्पन्न हुन्छ। वेदनाबाट तृष्णा उत्पन्न हुन्छ; तृष्णाबाट उपादान उत्पन्न हुन्छ; उपादानबाट भव उत्पन्न हुन्छ; भवको कारणबाट संस्कार धर्म निरन्तर उत्पन्न हुने जाति धर्म उत्पन्न हुन्छ; जातिबाट जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य र उपायास उत्पन्न हुन्छन् । यसरी सम्पूर्ण दुःख समूह उत्पन्न हुन्छ ।

(२) श्रोत र शब्दको कारणले श्रोत-विज्ञान उत्पन्न हुन्छ । स्पर्श यी तीनको संयोगमा उत्पन्न हुन्छ; स्पर्शबाट वेदना उत्पन्न हुन्छ; वेदनाबाट तृष्णा उत्पन्न हुन्छ; तृष्णाबाट उपादान उत्पन्न हुन्छ; उपादानबाट भव उत्पन्न हुन्छ; भवबाट जाति उत्पन्न हुन्छ; जातिबाट जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य र उपायास उत्पन्न हुन्छन् । यसरी यो सम्पूर्ण दुःख-समूह उत्पन्न हुन्छ ।

(३) घ्राण र गन्धको कारणले घ्राण-विज्ञान उत्पन्न

Downloaded from http://dhamma.digital/

हुन्छ। स्पर्श यी तीनको संयोगमा उत्पन्न हुन्छ; स्पर्शबाट वेदना उत्पन्न हुन्छ; वेदनाबाट तृष्णा उत्पन्न हुन्छ; तृष्णाबाट उपादान उत्पन्न हुन्छ; उपादानबाट भव उत्पन्न हुन्छ; भवबाट जाति उत्पन्न हुन्छ; जातिबाट जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य र उपायास उत्पन्न हुन्छन्। यसरी यो सम्पूर्ण दुःख-समूह उत्पन्न हुन्छ।

(४) जिह्वा र रसको कारणले जिह्वा-विज्ञान उत्पन्न हुन्छ। स्पर्श यी तीनको संयोगमा उत्पन्न हुन्छ। स्पर्शबाट वेदना उत्पन्न हुन्छ; वेदनाबाट तृष्णा उत्पन्न हुन्छ; तृष्णाबाट उपादान उत्पन्न हुन्छ; उपादानबाट भव उत्पन्न हुन्छ; भवबाट जाति उत्पन्न हुन्छ; जातिबाट जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य र उपायास उत्पन्न हुन्छन्। यसरी यो सम्पूर्ण दुःख-समूह उत्पन्न हुन्छ।

(५) काय र कायको स्पर्शको कारणले काय-विज्ञान उत्पन्न हुन्छ। स्पर्श यी तीनको संयोगमा उत्पन्न हुन्छ। स्पर्शबाट वेदना उत्पन्न हुन्छ; वेदनाबाट तृष्णा उत्पन्न हुन्छ; तृष्णाबाट उपादान उत्पन्न हुन्छ; उपादानबाट भव उत्पन्न हुन्छ; भवबाट जाति उत्पन्न हुन्छ; जातिबाट जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य र उपायास उत्पन्न हुन्छन्। यसरी यो सम्पूर्ण दुःख-समूह उत्पन्न हुन्छ।

(६) मन र मनमा उत्पन्न हुने धर्मको कारणले मनो-विज्ञान उत्पन्न हुन्छ। स्पर्श यी तीनको संयोगमा उत्पन्न हुन्छ; स्पर्शबाट वेदना उत्पन्न हुन्छ; वेदनाबाट तृष्णा उत्पन्न हुन्छ; तृष्णाबाट उपादान उत्पन्न हुन्छ; उपादानबाट भव

Downloaded from http://dhamma.digital/

उत्पन्न हुन्छ; भवबाट जाति उत्पन्न हुन्छ; जातिबाट जरा, मरण, शोक, परिदेव, दु:ख, दौर्मनस्य, उपायास उत्पन्न हुन्छन् । यसरी सम्पूर्ण दु:ख-समूह उत्पन्न हुन्छ । योसत्त्वको उत्पत्ति हो ।

(ख) भिक्षुहरू ! सत्त्व-प्राणी निरोध, शान्त र विलीन हुनुको क्रम के हो ?

(१) भिक्षुहरू ! चक्षु र रूपको कारणले चक्षु-विज्ञान उत्पन्न हुन्छ । स्पर्श यी तीनको संयोगमा उत्पन्न हुन्छ; स्पर्श निरोध भएमा वेदना निरोध हुन्छ; वेदना निरोध भएमा तृष्णा निरोध हुन्छ; तृष्णा निरोध भएमा उपादान निरोध हुन्छ; उपादान निरोध भएमा भव निरोध हुन्छ; भव निरोध भएमा जाति निरोधहुन्छ; जाति निरोध भएमा जरा, मरण, शोक, परिदेव, दु:ख, दौर्मनस्य, उपायास निरोध हुन्छन् । यसरी सम्पूर्ण दु:ख-समूह निरोध हुन्छ । यो सत्त्व-प्राणीको दु:ख-निरोध हुनुको क्रम हो ।

(२) श्रोत र शब्दको कारणले श्रोत-विज्ञान उत्पन्न हुन्छ । स्पर्श यी तीनको संयोगमा उत्पन्न हुन्छ; स्पर्श निरोध भएमा वेदना निरोध हुन्छ; वेदना निरोध भएमा तृष्णा निरोध हुन्छ; तृष्णा निरोध भएमा उपादान निरोध हुन्छ; उपादान निरोध भएमा भव निरोध हुन्छ; भव निरोध भएमा जाति निरोध हुन्छ; जाति निरोध भएमा जरा, मरण, शोक, परिदेव, दु:ख, दौर्मनस्य, उपायास निरोध हुन्छन् । यसरी सम्पूर्ण दु:ख-समूह निरोध हुन्छ । यो सत्त्व-प्राणीको दु:ख-निरोध हुनुको क्रम हो ।

Downloaded from http://dhamma.digital/

(३) घ्राण र गन्धको कारणले घ्राण-विज्ञान उत्पन्न हुन्छ। स्पर्श यी तीनको संयोगमा उत्पन्न हुन्छ; स्पर्श निरोध भएमा वेदना निरोध हुन्छ; वेदना निरोध भएमा तृष्णा निरोध हुन्छ; तृष्णा निरोध भएमा उपादान निरोध हुन्छ; उपादान निरोध भएमा भव निरोध हुन्छ; भव निरोध भएमा जाति निरोध हुन्छ; जाति निरोध भएमा जरा, मरण, शोक, परिदेव, दु:ख, दौर्मनस्य, उपायास निरोध हुन्छन्। यसरी सम्पूर्ण दु:ख-समूह निरोध हुन्छ। यो सत्त्व-प्राणीको दु:ख-निरोध हुनुको क्रम हो।

(४) जिह्वा र रसको कारणले जिह्वा-विज्ञान उत्पन्न हुन्छ। स्पर्श यी तीनको संयोगमा उत्पन्न हुन्छ। स्पर्श निरोध भएमा वेदना निरोध हुन्छ; वेदना निरोध भएमा तृष्णा निरोध हुन्छ; तृष्णा निरोध भएमा उपादान निरोध हुन्छ; उपादान निरोध भएमा भव निरोध हुन्छ; भव निरोध भएमा जाति निरोध हुन्छ; जाति निरोध भएमा जरा, मरण, शोक, परिदेव, दु:ख, दौर्मनस्य, उपायास निरोध हुन्छन्। यसरी सम्पूर्ण दु:ख-समूह निरोध हुन्छ। यो सत्त्व-प्राणीको दु:ख-निरोध हुनुको क्रम हो।

(५) काय र कायको स्पर्शको कारणले काय-विज्ञान उत्पन्न हुन्छ। स्पर्श यी तीनको संयोगमा उत्पन्न हुन्छ। स्पर्श निरोध भएमा वेदना निरोध हुन्छ; वेदना निरोध भएमा तृष्णा निरोध हुन्छ; तृष्णा निरोध भएमा उपादान निरोध हुन्छ; उपादान निरोध भएमा भव निरोध हुन्छ; भव निरोध भएमा जाति निरोध हुन्छ; जाति निरोध भएमा जरा, मरण, शोक, परिदेव, दु:ख, दौर्मनस्य, उपायास निरोध हुन्छन्। यसरी

Downloaded from http://dhamma.digital/

सम्पूर्ण दु:ख-समूह निरोध हुन्छ । यो सत्त्व-प्राणीको दु:ख-निरोध हुनुको क्रम हो ।

(६) मन र मनमा उत्पन्न हुने धर्मको कारणले मनो-विज्ञान उत्पन्न हुन्छ । स्पर्श यी तीनको संयोगमा उत्पन्न हुन्छ; स्पर्श निरोध भएमा वेदना निरोध हुन्छ; वेदना निरोध भएमा तृष्णा निरोध हुन्छ; तृष्णा निरोध भएमा उपादान निरोध हुन्छ; उपादान निरोध भएमा भव निरोध हुन्छ; भव निरोध भएमा जाति निरोध हुन्छ; जाति निरोध भएमा जरा, मरण, शोक, परिदेव, दु:ख, दौर्मनस्य, उपायास निरोध हुन्छन् । यसरी सम्पूर्ण दु:ख-समूह निरोध हुन्छ । यो सत्त्व-प्राणीको दु:ख-निरोध हुनुको क्रम हो ।

(१) "**चक्खुञ्च पटिच्च रूपेच उप्पज्जति चक्खु-विञ्ञाणं** ।" चक्षु र रूपको संयोगले चक्षु-विज्ञान उत्पन्न हुन्छ । – [तीन धातु समूह]

(२) "**सोतञ्च पटिच्च सद्देच उप्पज्जति सोत-विञ्ञाणं** ।" श्रोत र शब्दको संयोगले श्रोत-विज्ञान उत्पन्न हुन्छ । – [तीन धातु समूह]

(३) "**घानञ्च पटिच्च गन्धेच उप्पज्जति घान-विञ्ञाणं** ।" घ्राण र गन्धको संयोगले घ्राण-विज्ञान उत्पन्न हुन्छ । – [तीन धातु समूह]

(४) "**जिव्हञ्च पटिच्च रसेच उपज्जति जिव्हा-विञ्ञाणं** ।" जिव्हा र रसको संयोगले जिव्हा-विज्ञान उत्पन्न

Downloaded from http://dhamma.digital/

हुन्छ । – [तीन धातु समूह]

(५) "**कायञ्च पटिच्च फोट्ठब्बेच उप्पज्जति काय-विञ्ञाणं ।**" काय र काय-स्पर्शको संयोगले काय-विज्ञान उत्पन्न हुन्छ । – [तीन धातु समूह]

(६) "**मनञ्च पटिच्च धम्मेच उप्पज्जति मनो-विञ्ञाणं ।**" मन र मनोधातुको संयोगले मनो-विज्ञान उत्पन्न हुन्छ । – [तीन धातु समूह]

यसरी सबै अठार धातुलाई छ भागमा विभाजन गरिन्छ ।

यहाँ (**फोट्ठब्ब**) स्पर्शको अर्थ हो, पृथ्वी-धातु, तेजो-धातु र वायु-धातुको संयोग ।

पहिलेका सत्र धातुबाहेक सबै कुशल-धर्म, अकुशल-धर्म र अव्याकृत-धर्मलाई धर्म-धातुमा लिइन्छ ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# सत्यका सोह्र प्रकारको अर्थ

१. "दुक्खस्स पीलनट्ठो, संखतट्ठो,
सन्तापट्ठो, विपरिणामट्ठो;

२. समुदयस्स आयूहनट्ठो, निदानट्ठो,
संयोगट्ठो, पलिबोधट्ठो;

३. निरोधस्स निस्सरणट्ठो, पविवेकट्ठो,
अमतट्ठो, असंखतट्ठो;

४. मग्गस्स निय्यानट्ठो, हेतुट्ठो,
दस्सनट्ठो, अधिपतेय्यट्ठो;

[पटिसम्भिदा मग्ग पालि]

## दुःख-सत्यको अर्थ चार

(क) पीलनट्ठो — दुःख-कष्ट दिने स्वभाव;
(ख) संखतट्ठो — बारबार सुरक्षाको लागि निर्माण गर्ने स्वभाव;
(ग) सन्तापट्ठो — लगातार ताप दिने, सन्तापित गर्ने स्वभाव;

Downloaded from http://dhamma.digital/

(घ) **विपरिणामट्ठो** — विपरीत भई परिवर्तन हुने स्वभाव।

जुन धर्ममा उपर्युक्त चार स्वभाव रहेको हुन्छ; त्यसलाई दुःख-सत्य भनिन्छ । यसको अर्थ हो – ती भय र अन्तरायले युक्त छन् । प्रज्ञावान्हरू ज्यादा यसदेखि भयभीत हुनु पर्दछ । त्रै-भूमिक संस्कार समूह उपर्युक्त चार स्वभावले युक्त छन् । त्यस कारण ती सबै दुःख-सत्य हुन् ।

## समुदय-सत्यको अर्थ चार

(क) **आयूहनट्ठो** — दुःख-वस्तु, दुःख-कृत्यलाई जम्मा गर्ने, संग्रह गर्ने स्वभाव;
(ख) **निदानट्ठो** — दुःख-वस्तु, दुःख-कृत्यलाई निरन्तर धारण गर्ने स्वभाव;
(ग) **संयोगट्ठो** — दुःख-वस्तु, दुःख-कृत्यसँग मजबूत भई टाँसिरहने स्वभाव;
(घ) **पलिबोधट्ठो** — दुःख-कृत्यबाट मुक्त हुन नसक्ने गरी बाधा दिने स्वभाव।

जुन धममा उपर्युक्त चार स्वभाव रहेको हुन्छ; त्यसलाई समुदय-सत्य भनिन्छ । यसको अर्थ हो— जन्मजन्मान्तरमा अनेक प्रकार दुःखलाई वृद्धि गर्ने साँच्चिकै धर्म । तृष्णा उपर्युक्त चार स्वभावले युक्त भएका हुन्छन् । अतः यी सबै समदय-सत्य हुन् ।

Downloaded from http://dhamma.digital/

## निरोध-सत्यको अर्थ चार

(क) **निस्सरणट्ठो** — दुःख-चक्रबाट निरोध हुने, मुक्त हुने स्वभाव;
(ख) **पविवेकट्ठो** — बाधक तत्त्वबाट अलग हुने स्वभाव;
(ग) **अमतट्ठो** — विनाश हुने स्वभाव नभएको अवस्था;
(घ) **असंखतट्ठो** — बारबार निर्माण नहुने स्वभाव (निर्वाण)।

जुन धर्ममा उपर्युक्त चार स्वभाव रहेको हुन्छ; त्यसलाई निरोध-सत्य भनिन्छ। निर्वाण उपर्युक्त चार स्वभावले युक्त हुन्छ। त्यसैले यो निरोध-सत्य हो।

## मार्ग-सत्यको अर्थ चार

(क) **निय्यानट्ठो** — संसार-चक्रबाट निष्क्रमण गर्ने कारण भएको स्वभाव;
(ख) **हेतुट्ठो** — शुद्ध र पवित्र भएको गुण धर्म समूहलाई राम्रोसँग स्थिर गरी अभिवृद्धि गर्ने स्वभाव;
(ग) **दस्सनट्ठो** — अथाह संसार-चक्रमा स्वप्नमा पनि देख्न नसक्ने चार आर्य-सत्य धर्मलाई अवबोध गर्न सक्ने स्वभाव;
(घ) **अधिपतेय्यट्ठो** — तीन तृष्णावाट मुक्त भई आफ्नो मालिक आफैं हुन सक्ने स्वभाव।

Downloaded from http://dhamma.digital/

जुन धर्ममा उपर्युक्त चार स्वभाव रहेको हुन्छ; त्यसलाई मार्ग-सत्य भनिन्छ। आर्य अष्टाङ्गिक मार्ग नै उपर्युक्त चार स्वभाव धर्मले युक्त छ । अतः यो मार्ग-सत्य हो।

Downloaded from http://dhamma.digital/

# दुःख सत्यका चार अर्थको व्याख्या

**"पीलनट्ठ, संखतट्ठ, सन्तापट्ठ र विपरिणामट्ठ"**

यी चारमध्ये पीलनट्ठ दुःख-सत्यको लक्षण हो; अनि बाँकी रहेका तीन यसका वृद्धिको रूप हो। पीलनट्ठको अर्थ हो– 'कष्ट दिने' र यसले निम्नलिखित तीन प्रकारले कष्ट दिन्छ–

१. **संखत** — संस्कृत कृत्यद्वारा कष्ट दिने;

२. **सन्ताप** — सन्ताप कृत्यद्वारा कष्ट दिने;

३. **विपरिणाम** — विपरिणाम कृत्यद्वारा कष्ट दिने।

एक-एक त्रै-भूमिक धर्मले आफूप्रति आसक्त हुने, टाँसिने सत्त्वलाई निम्न प्रकारले कष्ट दिन्छन्–

(अ) आदिमा संखत दण्डद्वारा,

(आ) मध्यमा सन्ताप दण्डद्वारा र

(इ) अन्तमा विपरिणाम दण्डद्वारा कष्ट दिन्छ।

आदिमा, मध्यमा, अन्तमा यी तीन किसिमले कष्ट दिनेलाई नै पीलनट्ठ भनिन्छ।

Downloaded from http://dhamma.digital/

## (क) ब्रह्मलोकमा दुःख दण्ड

एकपल्ट प्राप्त भएको ब्रह्म-स्कन्धले त्यस पुद्गललाई—

(१) आदिमा संखत दण्डद्वारा कष्ट दिन्छ;
(२) मध्यमा सन्ताप दण्डद्वारा कष्ट दिन्छ;
(३) अन्तमा विपरिणाम दण्डद्वारा कष्ट दिन्छ ।

### (१) आदिमा संखत दण्डद्वारा कष्ट दिनु भन्नुको अर्थ——

व्यक्तिले आफनो पहिलेको जन्ममा ध्यान र समापत्तिको निमित्त उद्योगाभ्यास गरी ब्रह्मलोकमा उत्पन्न हुनु र ब्रह्म-स्कन्ध प्राप्त गर्नु हो। यस्तो अवस्था प्राप्त गर्न उद्योग गरिएको यो उद्योग आदिमा महान् संखत दुःख हो । यस्तो अवस्था प्राप्त गर्नको निमित्त जङ्गल र पहाडको एकान्त स्थानमा गई साधारण मानिसले सहन नसकिने अथवा गर्न नसकिने गम्भीर तपस्या गर्नु पर्ने हुन्छ ।

### (२) मध्यमा सन्ताप दण्डद्वारा कष्ट दिनु भन्नुको अर्थ——

मानिसको जन्ममा समापत्ति लाभ भई ब्रह्म-स्कन्ध प्राप्त भएमा त्यस व्यक्तिलाई ब्रह्म-स्कन्धबाट उत्पन्न हुने 'म', 'म' भन्ने

Downloaded from http://dhamma.digital/

अभिमानको आगोले जहिले पनि सन्ताप दण्ड दिइरहन्छ । यस्तै किसिमले अरू खतराहरू, जस्तै-सत्काय-दृष्टिरूपी आगो, शाश्वत दृष्टिरूपी आगो, उच्छेद-दृष्टिरूपी आगो, ब्रह्म भुवनमा ऋद्धि शक्तिमा मस्त हुने मदरूपी आगो र धर्ममा प्रमाद हुने पमादरूपी आगोले सन्ताप दण्डद्वारा त्यस व्यक्तिलाई सदा दण्ड दिने हुन्छ । ब्रह्मालाई क्लेशले सन्ताप दिइरहँदा उसलाई सन्ताप भनी थाहा हुँदैन । यसो भएको 'राम्रो र उसको मनोऽनुकूल भइरहेछ' भनी उसले ठान्छ । पछि चिन्ता र पश्चात्तापले पछ्याइसकेपछि मात्र क्लेशले दुःख शास्ति दिएको स्पष्ट थाहा भएर आउँछ । यी क्लेशले उसलाई दुःख-कष्ट दिइरहेछ भन्ने थाहा नभए पनि पछि हीन र मलिन पार्नको निमित्त अपवित्र भएको चिन्तन-मननले उसलाई दुःख-कष्ट दिइरहेको हुन्छ । त्यस ब्रह्मा बाँचिरहुन्जेल सम्म त्यस ब्रह्म-स्कन्धबाट विभिन्न प्रकारको क्लेशरूपी आगो निस्की त्यसलाई जीवनभर दुःख-कष्ट दिइरहने हुन्छ ।

### (३) अन्तमा विपरिणाम दण्डद्वारा कष्ट दिनु भन्नुको अर्थ--

त्यस सत्त्वको स्कन्ध नाश भएर जाने, विलीन भएर जाने, मरण भएर जानेलाई विपरिणाम दुःख भनिन्छ । त्यस ब्रह्माको स्कन्ध विनाश हुने कारणले त्यस व्यक्तिले हीन भएको काम-लोकमा, काम-भवमा पतन हुनु पर्ने हुन्छ । ऊ एकपछि अर्को गर्दै अवीचि नरकमा समेत पतन हुनु पर्ने हुन्छ । ऊ कुकुर, सुँगुर, कुखुरा, पन्छी, लाम्खुट्टे, भुसुना, लिखा, उडुस आदि

Downloaded from http://dhamma.digital/

पनि हुनुपर्ने हुन्छ । यसरी त्यस ब्रह्म-स्कन्धले त्यसलाई विपरि-णाम दण्डद्वारा यतिसम्म तीव्र रूपले कष्ट दिने हुन्छ ।

त्यसकारण त्यस ब्रह्म-स्कन्ध पीलनट्ठ, संखतट्ठ, सन्तापट्ठ र विपरिणामट्ठ चारैवटा दुःख अर्थपूर्ण भएकोले दुःख-सत्य भनिन्छ ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# (ख) देवलोकमा दुःख दण्ड

छ देवलोकमा देवताहरूको स्कन्ध पनि स्कन्धका अधिकारीहरूलाई आदिमा संखत दण्डद्वारा मध्यमा सन्ताप दण्डद्वारा र अन्तमा विपरिणाम दण्डद्वारा कष्ट दिने गर्दछ ।

(१) आदिमा संखत दण्डद्वारा कष्ट दिने,
(२) मध्यम सन्ताप दण्डद्वारा कष्ट दिने,
(३) अन्तमा विपरिणाम दण्डद्वारा कष्ट दिने ।

## १. यहाँ संखत दण्ड भन्नुको अर्थ—

दान दिने, वची कर्मलाई सुरक्षित गरी पालन गर्ने र चित्तलाई संरक्षण हुने गरी संयम गर्ने हो । त्यस क्रिया-कलापलाई वर्तमान जीवनमा पूर्ण गर्न सके मात्र अर्को जन्ममा उसले देवलोकमा देव-स्कन्ध प्राप्त गर्न सक्ने हुन्छ । मनले इच्छा गर्दैमा मात्र उसले त्यस अवस्था प्राप्त गर्न सक्दैन । एक सय मोल पर्ने दान-सुख प्राप्त गर्न परेमा आफूसँग भएको सम्पत्ति सिध्याउनु पर्दछ । त्यस्तै एक हजार मोल पर्ने दान-सुख प्राप्त गर्नलाई आफूमा भएको सम्पत्ति जम्मै सिध्याउनु पर्दछ । शील जहिले पनि सुरक्षित रूपमा पालन गर्न साह्रै कठिन छ ।

दान नदिएमा, शील पालन नगरेमा मरणपश्चात्

Downloaded from http://dhamma.digital/

अपाय दुर्गतिमा निश्चित रूपले पतन हुने हुनाले यी कार्यहरू नगरीकन बस्नु हुँदैन। दान गरे पनि, शील पालन गरे पनि हीन रूपले गरेमा हीन जुनी नै प्राप्त हुन्छ। दान, शील जति जति उच्च हुन्छ; महान् हुन्छ; त्यति त्यति नै उसको जन्म उच्च र महान् हुन्छ।

त्यसकारण पछिको जन्ममा हीन, दु:खी जीवन बिताउनु-पर्ला भन्ने डरले दान-क्रियाद्वारा निकै नै धन-सम्पत्ति खर्च गर्नु-पर्ने हुन्छ। शील-कृत्यद्वारा शरीर र वनचलाई राम्रोसँग संयमित गरी राख्नु पर्दछ। यो नगरी नहुने कार्य हो।

यसरी कर-कापले गर्नुपर्ने सबै कार्य दु:ख नै हो।

दान नदिईकन, शील पालन नगरीकन देव-स्कन्ध प्राप्त हुने भए फेरि ध्यान समापत्तिलाई अभ्यास र उद्योग नगरीकन ब्रह्म-स्कन्ध प्राप्त हुने भए ती धर्म कसले पालन गर्छ र?

## २. सन्ताप दण्डद्वारा कष्ट दिने--

त्यस देव-स्कन्धबाट साह्रै तीव्र भएको राग-अग्नि निस्केर जीवनभर ती देवताहरूलाई दग्ध गर्दछ। त्यस्तै द्वेष-अग्नि, मोह-अग्नि, शोक-परिदेव-दु:ख-दौर्मनस्य-उपायास-अग्नि योग्य अनुसार दन्केर ती देवताहरूलाई दग्ध गर्दछ। यसरी छ देवलोकमा भएका देव-स्कन्धका ती देवताहरूलाई अनेक प्रकारको सन्ताप-अग्निद्वारा पीडा-कष्ट दिन्छ।

Downloaded from http://dhamma.digital/

## ३. विपरिणाम दण्डद्वारा कष्ट दिने--

ती देवताहरू मनोरम पूर्वक रसरङ्ग गरिरहँदासम्म पनि दन्किरहेको आगो निभे झैं स्कन्धहरू अकस्मात् लोप भएर गई प्राय: गरी ती देवताहरू अपाय दुर्गतिमा पतन हुन्छन् । यसरी देव-स्कन्धले देवताहरूलाई अन्तमा विपरिणाम दण्डद्वारा कष्ट दिने गर्दछ ।

## तुलना गरी दर्शाइएको-

आदि, मध्य र अन्तमा दु:ख, कष्ट दिने मध्ये ब्रह्माहरूलाई संखत दण्ड दिने अति तीव्र छन् । तिनीहरूले अति तीव्र भएको संखत दण्डलाई सहन सक्ने भएकोले मध्यको सन्ताप दण्ड सहन सजिलो हुन्छ । अन्तमा हुने विपरिणाम दण्ड पनि धेरै काल बितिसकेपछि मात्र आउँछ । किनभने तिनीहरूको आर्य कल्पको हिसाबले गणना गरिन्छ ।

छ:देवलोकको संखत दण्ड सहन सजिलो हुन्छ । दान, शील कृत्य ध्यान भावना कृत्यभन्दा हजार गुणा सजिलो छ । संखत दण्ड सहन सजिलो भएको कारणले त्यसको वशमा परी क्लेशलाई स्वच्छ नगर्ने भएकोले देवलोकमा सन्ताप दु:ख अति तीव्र हुन्छ । छ:द्वारबाट बलेर निस्कने काम-राग-अग्निहरूले ती देवताहरूलाई जीवनभर दन्काइ राख्ने हुन्छ । बाँकी रहेको क्लेश-

Downloaded from http://dhamma.digital/

अग्नि पनि अवस्था अनुसार दन्काउने हुन्छ। विपरिणाम दण्ड पनि अति द्रुतगतिले आउने हुन्छ । तिनीहरूको आयु दिन, महिना, वर्षमा गणना गरिन्छ । देवताहरूको आयु ब्रह्माको आयुसँग तुलना गरी हेरेमा आँखा झिम्क्याउञ्जेल, बिजुली चम्कुञ्जेलसम्म मात्र हुन्छ। छः देवलोकमा सुख अनुभव गर्नु, आनन्द लिनु भन्नु नै काम-राग-अग्निले छः देवलोकलाई दन्काइराख्नु हो।

यसरी छः देवलोक, छः देव-स्कन्ध र ती स्कन्धका अधिकारी देवताहरूलाई चार प्रकारको दण्डले कष्ट दिइरहेको स्पष्ट भएको कारणले साँच्चै नै दुःख-सत्य हो।

Downloaded from http://dhamma.digital/

# (ग) मनुष्य लोकमा दुःख दण्ड

मानिसहरूको नाम र रूप स्कन्धहरूले मनुष्य सत्त्व प्राणीहरूलाई तीन किसिमले दुःख दण्ड दिइरहने हुन्छ ।

## १. संखत दण्ड देवताहरूको भन्दा कम--

संखत दण्ड देवताहरूको भन्दा सहन सजिलो भएको कारणले सन्ताप दण्ड लाखौं गुणा सहन गाह्रो हुन्छ ।

विपरिणाम दण्ड पनि अति द्रुत गतिले आइपुग्ने हुन्छ । मनुष्यहरूको आयु देवताहरूको आयुको तुलनामा आँखा झिम्काउञ्जेल, बिजुली चम्कुञ्जेलसम्म मात्र हुन्छ ।

## २. सन्ताप दण्डद्वारा दुःख--

सन्ताप दुःख तीव्र भएको कारण के भन्ने कुरा निम्न अनुसार हुन्छ—

आमाको गर्भमा बस्नु पर्ने दुःख; जन्मनु पर्ने दुःख; गर्मी ठाउँमा गर्मी ऋतुमा पोल्ने, गरम हुने दुःख; जाडो ठाउँमा जाडो ऋतुमा जाडो हुने, साह्रै चिसो हुने दुःख; हावा, बतासचर्को घाम भएको ठाउँ, कडा ऋतुमा झिंगा, लामखुट्टेले टोक्ने

Downloaded from http://dhamma.digital/

कडा हावा लाग्ने, घाममले पोल्ने दु:ख; यस्तो अनन्त दु:ख निहित भएको हुन्छ । खेती-पाती गरी जीवन यापन गर्नु पर्ने तीव्र दु:ख; सरकारी तहबाट आउने दु:ख; टोल, गाउँको कामबाट आउने दु:ख; आफन्तहरूबाट आउने दु:ख, दिनहुँ यस स्कन्धलाई दिनको दुइ चोटि ख्वाउनु, पिलाउनु पर्ने दु:ख; दिनहुँ स्याहार-सुसार गर्नु पर्ने दु:ख; एक मात्र ईर्य्यापथमा बेरसम्म बस्न नसकी अनेक प्रकारले ईर्य्यापथ फेर्नु पर्ने दु:ख; छ: द्वारमा टाँसिने, आसक्त हुने क्लेशरूपी भूत-प्रेत, पिशाचहरूलाई आहार दिनु पर्ने दु:ख – यी साधारण किसिमका सांसारिक दु:ख समूह हुन् ।

अरू पनि अनेक प्रकारका दु:खहरू छन् । जस्तो– इन्द्रिय-सुख अति भोग गर्नाले उत्पन्न हुने दु:ख; दुष्कर्मबाट धन कमाई जीवन यापन गर्नु पर्ने दु:ख; स्वास्नी, छोरा-छोरीलाई पालन गर्नु पर्ने दु:ख; चार अपाय दुर्गतिमा भयानक रूपले पतन गराउन सक्ने धर्म सिद्धान्त उल्टो भई विकास भएको मनुष्य जन्ममा उत्पन्न भई जति जति आयु लामो भयो त्यति त्यति त्यसलाई अपाय दुर्गति लामो हुने दु:ख; गर्मीको याममा आगो ताप्ने; जाडोको याममा नुहाउने वा शरीरलाई पानीमा डुबाइ राख्ने आदि अति असह्य, निरर्थक तुच्छ मिथ्यादृष्टि कुलमा जन्म लिई निरर्थक र तुच्छ जीवन यापन गरी जीवनभर यातना सहनु पर्ने दु:ख; शरीरमा हुने रोग, चोट, घाउ, पीडा र शरीर बाहिर उत्पन्न हुने शत्रुहरू: जस्तै– राज-भय, चोर-भय; जल-भय, अग्नि-भय, शत्रु-भयसँग सामना गर्नु पर्ने अनन्त दु:ख-हरू हुन् ।

यसरी अथाह संसारमा मनुष्य भूमिमा भएका सन्ताप

Downloaded from http://dhamma.digital/

दुःख विभिन्न प्रकारका छन् र ती साह्रै तीव्र पनि छन् । मनुष्यहरूको स्कन्धले मनुष्य सत्त्व प्राणीलाई यतिका सन्ताप दण्ड-द्वारा कष्ट दिने, शास्ति गर्ने गर्दछ ।

## ३. विपरिणाम दुःख--

मनुष्यको स्कन्धले मानिसलाई विपरिणाम दण्डद्वारा कसरी दुःख-कष्ट दिन्छ भने– साह्रै दुर्लभ भएको मनुष्य जन्म प्राप्त भए पनि मनुष्य भई जन्म लिंदा मनुष्यको स्कन्धले त्यस सत्त्वलाई आमाको गर्भमा बसेको क्षणदेखि बाँचुन्जेलसम्म विपरिणाम दण्डद्वारा जुनसुकै क्षणमा उसलाई मार्न सक्ने र अपाय दुर्गतिमा पतन गराउन सक्ने हुन्छ ।

यसरी अथाह संसारमा प्रत्येक सत्त्व आफ्नो स्कन्धको प्रहारबाट कलल अवस्थामा मृत्यु भएको अनन्त जन्म समूह; अब्बुद (फिंज) अवस्थामा मृत्यु भएको अनन्त जन्म समूह; पेसी (मासु-को डल्ला) अवस्थामा मृत्यु भएको अनन्त जन्म समूह; घन (ढिक्का) अवस्थामा मृत्यु भएको अनन्त जन्म समूह; पसाख (टाउँको, हात-खुट्टा स्पष्ट भएको) अवस्थामा मृत्यु भएको अनन्त जन्म समूह आदि हुन् । यसरी मनुष्य-स्कन्धले मनुष्य सत्त्व प्राणीलाई अन्तमा विपरिणाम दण्डद्वारा कष्ट र पीडा दिने गर्दछ । यस प्रकारले मनुष्य-स्कन्धले मनुष्य सत्त्व प्राणीलाई चार प्रकारका अर्थद्वारा दुःख दिने, पीडा दिने भएकोले निःसन्देह दुःख-सत्य नै हो ।

★

Downloaded from http://dhamma.digital/

# (घ) अपाय भूमिमा दुःख दण्ड

अपाय भूमिका सत्त्व प्राणीलाई तिनीहरूको स्कन्धले चार प्रकारले दुःख दण्ड दिन्छन्—

## १. संखत दण्ड

अकुशल दुश्चरित्र कर्मको कारणले प्राणीलाई अपाय दुर्गतिमा उत्पन्न गराउँछ। भनिएको छ– "पापस्मिं रमते मनो"। अर्थात् पाप कर्म गर्नमा मन रमाउँछ। प्राणीहरू आफ्नो इच्छानुसार पाप कर्म गर्छन् र त्यसमा रमाउँछन्। ती दुःख भनी थाहा पाउँदैनन्। त्यसैले अपाय संखत दण्ड साँच्चै कै कष्ट दिने भए पनि कष्ट जस्तो नलागेको हो। तर साह्रै भयंकर परिणाम निस्कने भएकोले निश्चय नै संखत दण्ड अति भयावह छ।

## २. सन्ताप दण्ड

अपाय स्कन्ध उत्पन्न हुने बेलामा सन्ताप दण्ड अति भयंकर भएको अवस्थालाई लिएर तथागतहरूको देशनाक्रम अनुसार पनि तिनीहरूको विषयमा अन्तसम्म भन्न नसकिने कुरा उल्लेख भएको पाइन्छ। तिनीहरूको विषयमा संवेग वत्थु दीपनीमा हेरे स्पष्ट हुन्छ।

Downloaded from http://dhamma.digital/

संक्षिप्तमा अग्नि नरकमा पतन भएको सत्त्वको हाड, नशा, मासु, मुटु, फोक्सो, गिदी आदि सारा का सारा अग्नि-पुञ्ज भई तिनीहरूको छालाबाट दन्दन् बल्ने अग्नि ज्वाला निस्की लाखौं वर्ष, दशौं लाख वर्ष, करोडौं वर्ष, असंख्य वर्ष-सम्म पनि अति तीब्र भएको अग्नि ज्वालाले दग्ध भई दुःख-कर्म अन्त नभएसम्म मुक्त हुन नसकिने हुन्छ । परिणाम स्वरूप जम्बु-द्वीप झैं दस हजार योजना फराकिलो भएको आठ महा नरक, एक सय अट्ठाइस स-साना उस्सद नरकमा भरिभराउ भएका सत्त्वहरूले विभिन्न दुःख दण्ड सहेर लाख वर्ष, दस लाख वर्ष, करोड वर्षसम्म पनि दुःख कष्ट भोग गरिरहेका छन् ।

[प्रेतहरूको सन्ताप दुःख, असुरहरूको सन्ताप दुःख, पशु-हरूको सन्ताप दुःख, संवेग वत्थु दीपनीमा वर्णन गरिएको छ]

## ३. विपरिणाम दण्ड

अन्तमा च्यूति नामक विपरिणाम दण्ड पनि एक कर्मको कारणले एक अपाय भूमिमा परी त्यस कर्म सिद्धिने बित्तिकै विपरिणाम दण्ड अघि बढेर च्यूति हुने अवस्थामा पहिलेको भन्दा पनि गहिरिएको अपाय भूमिमा पतन हुने गर्दछ । हजारौं हजार जन्म समूहमा पनि सुगति भूमिमा आउने अवसर प्राप्त नहुने हुन्छ ।

卐

Downloaded from http://dhamma.digital/

# कुशल भन्दा अकुशल बढी

यहाँ सम्मोहविनोदनी अर्थ कथामा दिइएको व्याख्या उल्लेख गर्नु राम्रो हुन्छ । संसार चक्रमा बारबार जन्म लिने सत्त्वहरूमा सत्पुरुष धर्मले सम्पन्न हुने जन्म साह्रै कम छ । अपाय दुर्गतिमा एकले अर्कोलाई हत्या गर्ने, मार्ने जन्म नै धेरै छन् ।

मनुष्य भई जन्म लिंदाखेरी पनि सय जन्ममा एक जन्ममा पनि सत्पुरुष धर्म पूर्ण गर्न सक्तैन । मिथ्या-दृष्टि भव, दुश्चरित्र भव नै धेरै हुन्छन् । एक जन्ममा दुश्चरित्र कर्म गरेमा असंख्य अनन्त जन्मसम्म भोग गर्नु पर्ने हुन्छ ।

त्यसकारण अहिले भएका गृहस्थ, श्रमण, पृथग्जन सत्त्व प्राणी समूह मध्ये कुनै पनि सत्त्वमा अवीचि नरकमा पतन हुनुको लागि पुरानो दुश्चरित्र कर्म लाख, दस लाख भन्दा पनि बढी निहित भएको हुन्छ । संघात नरकमा पतन हुनको लागि लाख, दस लाखभन्दा बढी अकुशल कर्म निहित भएको हुन्छ ।

बाँकी रहेका विभिन्न नरक, विभिन्न प्रेत, विभिन्न असुर-लोकका प्राणीहरूको पनि यही दशा भनी जान्नु ।

छ देवलोकमा उत्पन्न भएका पृथग्जन देवता, ब्रह्मलोकमा उत्पन्न भएका पृथग्जन ब्रह्माहरूमा पनि प्रत्येकमा अकुशल कर्म निहित भएको हुन्छ ।

Downloaded from http://dhamma.digital/

मनुष्य, देव, ब्रह्मलोकबाट च्युत भई अपाय दुर्गतिमा एक पल्ट पतन भएमा तिनीहरूको पुरानो कर्मले अवसर प्राप्त गरी दुःख कष्ट दिने गर्दछ। एक कर्म सिद्धिने बित्तिकै अर्को कर्म, अर्को कर्म सिद्धिने बित्तिकै अर्को कर्मले अपाय प्रतिसन्धि निरन्तर रूपले दिने गर्दछ। ती प्राणीहरू दसौं हजार, लाखौं जन्ममा पनि अपाय भवबाट मुक्त हुने अवसर पाउन नसक्ने हुन्छ। एक सानो अकुशल कर्मको कारणले अपाय दुर्गतिमा पतन भइसके-पछि पुराना ठल्ठूला अकुशल कर्म भएको कारणले ती कर्महरू निरन्तर रूपले वृद्धि भई एक कल्पसम्म पनि अपाय दुर्गतिबाट मुक्त हुने अवसर पाउन नसक्ने हुन्छ। मुढा उखेल्न गाह्रो भए जस्तै तिनीहरूलाई नरकबाट उम्कन गाह्रो हुन्छ। यस्ता सत्त्व-हरू असंख्य छन्।

अपाय स्कन्ध धारण गर्ने सत्त्वहरूको संखत दण्ड, सन्ताप दण्ड, विपरिणाम दण्ड भयंकर रूपले दर्शाइएको कुरा संक्षिप्तमा समाप्त।

यो भयो एक जन्ममा हुने स्कन्धले स्कन्धको अधिकारी-लाई तीन किसिमले दुःख दिने कुरा यहाँ समाप्त हुन्छ।

Downloaded from http://dhamma.digital/

# कृषकहरूलाई दुःख दण्डले कष्ट दिने तरिका

प्रत्येक जन्ममा वर्षै पीछे, महिनै पीछे, दिनै पीछे, घण्टै पीछे पञ्च-स्कन्ध र नाम-रूपले सत्त्वलाई संखत, सन्ताप र विपरिणाम— यी दण्डले पीडा कष्ट दिने केही कुरा उल्लेख गर्दछु ।

## १. संखत दुःख दण्ड

खेती-वारी गरी एक वर्षलाई पुग्ने गरी कमाई खाई-पिई सकेपछि त्यस खेतलाई पुनः पहिले जस्तै खेत खन्ने, बीऊ छर्ने, बाली-नाली सुरक्षा गर्ने नामक संखत दण्डद्वारा त्यस किसानलाई कष्ट दिने गर्दछ ।

## २. सन्ताप दुःख दण्ड

बाली सप्रने बेलामा सुरक्षा गर्न, काट्ने, दाइँ गर्ने, भकारीमा थन्क्याउने, रक्षा गर्ने, भकारीबाट झिक्ने, खान-पिन गर्नु पर्ने, लोभ अग्नि वृद्धि गर्ने दोस, मान, इर्ष्या, मच्छरिय नामक सन्ताप दण्डले दुःख दिने गर्दछ ।

Downloaded from http://dhamma.digital/

## ३. विपरिणाम दण्ड

दिनहुँ प्रयोगमा ल्याई खान-पिन गर्नाले कम हुँदै जाने नामक विपरिणाम दुःखले सदा कष्ट दिने हुन्छ ।

**प्रश्नः** यहाँ एउटा प्रश्न गर्न सकिन्छ —

जल-भय, अग्नि-भयबाट बालि नाश भएर जानेलाई मात्र विपरिणाम दण्ड भन्न सकिन्छ । आफूले काम गरेकोले प्राप्त भएको सम्पत्ति आफैले प्रयोग गरी कम भएर जानेलाई विपरिणाम दण्ड भन्न सुहाउँछ र ?

**उत्तरः**

यो प्रश्न, बाल, अन्ध, पृथग्जनहरूको बहाना गर्ने कुरा मात्र हो। यदि त्यस बालि-नालिलाई खाई-पिई प्रयोगमा ल्याए पनि कम नभइकन साँचै नै स्थिर भएर रहने हो भने एक बर्ष-सम्म कोशिश गरी जीवनभर आनन्दपूर्वक बसी सुख प्राप्त गर्न सक्नु पर्ने हो । खेत खन्नु पर्ने, हलो जोत्नु पर्ने, खेत गोड्नु पर्ने आदि खेतको दुःख सहित अरू अरू काम गरी जीवन यापन गर्नु पर्ने दुःखले जीवन भर मुक्त हुनु पर्ने हो । त्यसो भएमा पवित्र र श्रेष्ठ भएको सप्त सत्पुरुष धर्म अभ्यास र वृद्धि गरी जीवनभर पालन गरी बस्ने मौका प्राप्त भई महान् भएको लोकुत्तर सम्पत्ति पनि प्राप्त गर्न सक्ने हुन्छ । तर यी बालि-नालि नित्य होइन ।

Downloaded from http://dhamma.digital/

साँच्चिकै अनित्य र अस्थिर भएकोले खान-पिन गर्दा कम भएर जाने भएकोले आखिर दरिद्रको दरिद्र नै भई एक कौडी पनि हातमा नभएको अवस्थामा पुग्दछ । वर्षाको मौसम शुरू हुने बित्तिकै खेति-पाति गर्नु पर्ने दुःखको खादलमा फेरि फस्नु पर्ने हुन्छ । वर्षै पीछे सिद्धिने र वर्षै पीछे काम गर्नु पर्ने दुःख रूपी चक्रमा फँसी जीवनभर आरामले बस्ने एक दिन पनि मौका प्राप्त गर्न नसकी दुःखै दुःखको खाडलमा परी वृद्ध भई मरण हुनु पर्ने हुन्छ । अनि दुर्लभ भएको मनुष्य जन्म प्राप्त भए अनुसार श्रेष्ठ र पवित्र भएको सत्पुरुष धर्म अभ्यास र वृद्धि गर्ने मौका प्राप्त नभएको हुनाले परम उत्तम लोकुत्तर सम्पत्तिबाट वञ्चित रहनु पर्ने हुन्छ ।

सदाको निमित्त आनन्दले बस्ने स्थानमा पुग्न नसक्ने विपरिणाम युक्त अनित्य वस्तुलाई आत्म हित गर्ने काममा लागिरहेका बाल मुर्ख पृथग्जनहरूको निमित्त त्यस खाडलबाट उत्रने बाटो छैन ।

प्रज्ञावान पण्डितजनहरूले यी सबैलाई 'जीवनको महान् दुःख' भनी लिएका छन्; किनभने व्यक्ति दुःखको खाडलबाट मुक्त हुन नसक्ने हुन्छ; मुक्त हुने बाटो पनि नपाएको हुन्छ; मुक्त हुन नपाएकोले उसको भावी जीवन पनि दुःखमय हुन्छ; यस जन्ममा बुद्ध धर्मको अभ्यास गर्ने अवसर नपाएको कारणले फेरि खेति-वारी खन्नु पर्ने, जोत्नु पर्ने आदि दुःख हुन्छ । जुन धन-सम्पत्ति आफ्नो प्रयोगमा ल्याई खाएर-पिएर सिद्धिएको होस्— यसलाई प्रज्ञावान् पण्डितहरूले एक समानले हेर्दछन् । आखिर इन्द्रिय सुखमा भुलेर बस्ने मनुष्यहरू देवताहरू र ब्रह्माहरू

Downloaded from http://dhamma.digital/

अर्थात् तीन भुवनका सत्वहरूलाई 'महान् दुःख' भनी प्रज्ञावान पण्डितहरूले विचार गर्दछन् ।

यस्तो कुरा नबुझ्ने बाल पृथग्जनहरूले आफूले प्रयोगमा नल्याउँदैमा अग्नि-भय, जल-भयले सम्पत्ति नाश भएमा चित्त दुखाउँछन्; तर आफ्नो इच्छानुसार आफ्नो सम्पत्ति प्रयोगमा ल्याई खर्च भएर सिद्धिएर जाँदा चित्त दुखाउँदैनन् । बरु तिनीहरू झन त्यसमा सन्तोष मानेर बस्छन् । यसरी खर्च भई सिद्धिएर जाँदा चित्त दुखाउन नजानेसम्म दुःखबाट मुक्त हुने अवसर कहिल्यै प्राप्त हुँदैन । त्यसो भएकोले चित्त दुखाउन जाने मात्र मुक्त हुने बाटो भेटिन्छ । चित्त दुखाउन जाने मात्र सिद्धिएर जाने वस्तु आलम्वनहरू– 'मनुष्य-जन्म, मनुष्य-स्कन्ध, देव-जन्म, देव-स्कन्ध, ब्रह्मा-जन्म, ब्रह्म-स्कन्धहरू दुःख हो' भनी चाल पाउन सक्ने हुन्छ । नत्र भने चाल पाउन सक्तैन ।

माथि दर्शाइएका विभिन्न प्रकारका अल्प लाभका कुराहरूलाई विचार गर्न सके मात्र बालुवामा पानी दिए झैं दिन, महिना, वर्ष र अनेक जन्म र कल्पहरू केही लाभ नगरिकन नै बितेर गएको दुःख भनी स्पष्ट थाहा हुन्छ । यो हो– 'आफूले उपभोग गरेको वस्तु सिद्धिएर जाँदा दुःख भन्न मिल्दैन' भन्ने प्रश्नको उत्तर ।

उपर्युक्त व्याख्या हो, कृषकले वर्षौं पीछे काम गरी आर्जन गरेको अनाज, फल-मूल आदि प्रयोगमा ल्याउँदा खर्च हुँदै सिद्धिएर गई संखत दण्ड, सन्ताप दण्ड, विपरिणाम दण्डद्वारा-कृषकलाई कष्ट दिने स्वभाव ।

Downloaded from http://dhamma.digital/

यही सिद्धान्तको आधारमा महिना महिनाको निमित्त महिनै पीछे दु:ख हुने, एक एक दिनको निमित्त दिनहुँ दु:ख हुने कुरालाई राम्रोसँग बुझ्नु पर्दछ ।

जीवन यापनको लागि पैसा कमाउनु पर्ने अनि खान-पिन गर्न र लुगाफाटोलाई खर्च गर्नु पर्ने भएकोले तीन प्रकारका दण्डद्वारा दु:ख शास्ति दिने कुराले संसार व्यापक भएको बुझ्नु पर्दछ ।

अथाह संसारको जन्म क्रममा दान, शील, भावनाको अभ्यास र उद्योग गरी प्राप्त भएको सुख अनुभव गरी सिद्धिदै गइरहेको मनुष्य-जन्म, देव-जन्म, ब्रह्म-जन्महरू पनि राम्रोसंग बुझ्नु पर्दछ ।

Downloaded from http://dhamma.digital/

## छ द्वारआलम्बनबाट तृष्णा रूपी अग्नि दन्कने तरिकाः

आलम्बनलाई अनुभव गर्ने विषयमा:

१. चक्षुले रूपको आलम्बन गर्दा चक्षुले रस अनुभव गर्दछ; अनि चक्षु आलम्बनसंग छुटिंदा चक्षुको रस बिलाएर जान्छ ।

२. श्रोतले शब्दको आलम्बन गर्दा श्रोत-रस अनुभव गर्दछ; अनि श्रोत आलम्बनसंग छुटिंदा श्रोतको रस बिलाएर जान्छ ।

३. घ्राणले गन्धको आलम्बन गर्दा घ्राण-रस अनुभव गर्दछ; अनि घ्राण आलम्बनसंग छुटिंदा घ्राणको-रस बिलाएर जान्छ ।

४. जिह्वाले रसको आलम्बन गर्दा जिह्वा-रस अनुभव गर्दछ; अनि जिह्वा आलम्बनसंग छुटिंदा जिह्वाको रस बिलाएर जान्छ ।

५. कायले स्पर्शको आलम्बन गर्दा काय-रस अनुभव गर्दछ; अनि काय आलम्बनसंग छुटिंदा कायको रस बिलाएर जान्छ ।

६. मनले धर्मको आलम्बन गर्दा मनो-रस अनुभव गर्दछ; अनि मनआलम्बनसंग छुटिंदा मनको रस बिलाएर जान्छ ।

Downloaded from http://dhamma.digital/

कामना गर्ने, दाह हुने तृष्णा छ; सुख-आनन्द अनुभव गर्ने तृष्णा छ; छ द्वारमा आलम्बन रस स्पर्श भई रहँदा सुख-अनुभव गर्ने तृष्णा छ— यी छ छ प्रकारका अग्नि दन्किरहेका हुन्छन् । छ द्वारमा ती अग्नि सिद्धिएर जाँदा कामना गर्ने, दाह हुने तृष्णा फेरि दन्केर आउँछन् । अनि ती तृष्णा रूपी अग्नि दन्कने बेलामा ती तृष्णालाई आहार जुटाउनको लागि आलम्बन समूहलाई पूर्ण रूपमा जुटाउनु पर्ने हुन्छ । क्षण-क्षणमा सिद्धिए जाने छ द्वारको रस समूहलाई खोजेर हिंड्ने ती आलम्बन रूपी सुख सम्पत्तिबाट मुक्त हुन सक्तैन । ती सुख सम्पत्ति पनि सिद्धि-एर जाने स्वभावका हुन् । छ द्वार-रस नामक प्रीति सोमनस्स सुख-वेदनाले ती मानिसहरूलाई संखत दण्ड, सन्ताप दण्ड, विपरिणाम दण्डद्वारा जन्म-जन्मान्तरमा सँधै दुःख पीडा दिने हुन्छ ।

जन्मै पीछे, कल्पै पीछे ती रसको महान् दुःखको खाडल-बाट उत्रने अवसर नभएको हुन्छ । ती महान् दुःख रूपी खाडल-बाट उत्रन सक्ने धर्मलाई अभ्यास गर्ने अवसर नपाएर विमुख भई अल्प लाभ हुने मार्गमा मात्र गइरहेको हुन्छ । यो भयो, क्षणिक रूपले पाँच स्कन्धहरूले सत्त्वप्राणीहरूलाई तीन प्रकारका दण्डद्वारा सदा दुःख पीडा दिइरहने तरिका ।

यी विधिहरू पनि दृष्तान्त रूपमा भएकोलाई खोजी गरी दर्शाइएको हो ।

Downloaded from http://dhamma.digital/

# सत्काय दृष्टि

अब म विपरिणाम दुःखको विषयमा मात्र छोटकरी वर्णन गर्दछु ।

यस संसारमा चार अपाय दुःख अति भयंकर छ । ती दुःख-लाई थाहा पाउनेहरू त्यहाँ पतन हुनु पर्ला भनी साह्रै डराउँ-छन् । त्यहाँको दुःख थाहा नपाउनेहरूलाई अपाय दुःखको खाडल झन गहिरो हुन्छ ।

अपाय दुःखको बीज भएको अकुशल कर्महरू सत्काय-दृष्टिसंग टाँसिएको हुन्छ । सत्काय-दृष्टि बलियो हुँदा अकुशल कर्म पनि प्रबल हुन्छ । सत्काय-दृष्टि मलिन हुँदा अकुशल कर्महरू पनि मलिन हुन्छन् । सत्काय-दृष्टि विलीन हुँदा अकुशल कर्म पनि विलीन हुन्छ । उदाहरणको लागि कोठामा बालेको बत्तिलाई लिन सकिन्छ र बत्तिको ज्वालालाई अकुशल कर्मसंग तुलना गर्न सकिन्छ । बत्तिको ज्वाला बढ्दा तेज पनि बढ्छ; ज्वाला मलिन हुँदा तेज पनि मलिन हुन्छ । बत्ति निभ्दा प्रकाश पनि विलीन हुन्छ ।

सत्काय-दृष्टि नामक नरक धातुले संयुक्त भएका प्राणी-हरूले सत्काय-दृष्टि रूपी दुःखलाई सयौं बार थाहा भए तापनि नरक-धातुबाट प्रेरणा दिने भएकोले दुश्चरित्र कर्म गरी रहन्छन् ।

केही पनि थाहा नभएका र मिथ्या दृष्टिले संयक्त भएका

Downloaded from http://dhamma.digital/

मानिसहरूको विषयमा त भन्ने नै के ? तिनीहरूलाई नरक अग्निले राम्रै संग दग्ध गर्ने हुन्छ ।

संसारमा घुमिरहने भवमा 'साँच्चि नै दुश्चरित्रहरू छन् र साँच्चि नै अपाय भय छन्' भनी थाहा पाउने जन्म साह्रै अल्प छ । थाहा नपाएका भव र मिथ्या-दृष्टि भएको भव धेरै छन् । एक सत्त्वको लागि थाहा पाँउन सक्ने एक जन्म पाउन मुस्किल छ ।

यो भयो, संसारमा घुमिरहेको पृथग्जन सत्त्वलाई पहिले-को जन्ममा गरेर आइसकेको कुशल-अकुशल कर्म दुइ मध्ये 'अकुशल कर्म पक्ष कतिसम्म बढी भई बलवान भइरहन्छ' भन्ने कुरा पछिको जन्मदेखि लिएर अनागत संसारमा फेरि घुम्नु पर्ने भएर दुश्चरित्र र सुचरित्र कर्म दुइ मध्ये 'दुश्चरित्र कर्म पक्ष कतिसम्म बढी र बलवान भई जाने छ' भन्ने कुरा तुलना गरी विचार गर्नको लागि दर्शाइएको कुरा ।

Downloaded from http://dhamma.digital/

# संसारमा प्राणीहरू कसरी घुमिरहन्छन् ?

संसारका साधारण पृथग्जन सत्त्वहरूको दान, शील, भावना नामक कुशल कर्महरू अपाय भयदेखि भयभीत भई त्यस भयबाट मुक्त हुनको लागि गर्ने कुशल कर्महरू हुन् । त्यसरी कुशल कर्म गरी त्यस अनुसार मनुष्य, देव, ब्रह्म भूमिमा जन्म हुन गए पनि उनीहरूका पुराना अनेक दुश्चरित्र कर्महरूका साथै सत्काय-दृष्टि रूपी नरक-धातु तिनीहरूको हृदयमा अविछिन्न रूपले गाँसेर आउने हुन्छ ।

अघि अघिको जन्ममा गरी आएको दान, शील, भावना कुशल कर्महरू विपरिणाम धर्म नै भइरहेको हुन्छ । फल दिने शक्ति सकिने बेलामा सिद्धिएरै जाने स्वभावको हुन्छ । त्यस मनुष्य-स्कन्ध, देव-स्कन्ध र ब्रह्म-स्कन्ध पनि विपरिणाम धर्म नै भइरहेको हुन्छ । कर्म शक्ति सकिए पनि अथवा आयु सकिए पनि विनाश हुने अवश्यँभावी हुन् ।

मनुष्य-भूमि, देव-भूमि, ब्रह्म-भूमिमा सुखपूर्वक बस्ने मनुष्य, देव, ब्रह्मा सत्त्वहरूलाई आ-आफ्ना स्कन्धहरूले विपरिणाम दण्ड द्वारा मृत्यु अवस्थामा पुऱ्याई दिन्छ । जीवितिन्द्रिय रूपी हाँगा भाँचने बित्तिकै सत्काय-दृष्टिले त्यस प्राणीलाई अपाय दुर्गतिमा पतन गराउँछ । अपाय दुर्गति देखी डराउने प्राणीहरू आखिर त्यहीं चुर्लुम्ब डुब्ने हुन्छ । माथि उल्लेख गरिएको अट्ठकथा अनुसार सयौं, हजारौं, दसौं हजार जन्ममा पनि अपाय-

Downloaded from http://dhamma.digital/

बाट मुक्त हुन नसक्ने हुन्छ । कोही कोही प्राणीहरूले धेरै जन्म बितिसकेपछि मात्र अपायबाट मुक्त हुने अवसर पाएको हुन्छ ।

कोही कोहीले त कल्पविनाश भएको अवस्थामा मात्र अपायबाट मुक्त हुने अवसर पाएको हुन्छ । मुक्त भए पनि मनुष्य भूमि, देव-भूमि, ब्रह्म-भूमिमा जन्म लिन आउँछ । फेरि मनुष्य देव, ब्रह्म-भूमिमा सुख आनन्दसंग जीवन बिताइरहेका ती प्राणीहरूलाई आ-आफ्नो स्कन्धले विपरिणाम दण्डद्वारा मृत्युको अवस्थामा पुऱ्याई दिन्छ । जीवितिन्द्रिय रूपी हाँगा भाच्ने बित्तिकै सत्काय-दृष्टिले ती प्राणीलाई अपाय दुर्गतिमा पतन गराउँछ । अपाय दुर्गतिदेखि डराउने प्राणीहरू आखिर त्यहीं चुर्लुम्ब डुब्ने हुन्छ । अनि तिनीहरू सयौं, हजारौं, दस हजार वर्षमा पनि अपायबाट मुक्त हुन नसक्ने हुन्छ ।

यो भयो, संसार चक्रमा घुमिरहेका पृथग्जन सत्त्वहरूको प्रायः गरी माथि तल (देव-भूमि, नरक-भूमि) मा घुमिरहने तरिका ग्रन्थ अनुसार दर्शाइएको कुरा । यस कुरा अनुसार ती मनुष्य, देव, ब्रह्मा सत्त्वहरू आ-आफ्ना स्कन्धद्वारा मारिनु पर्ने कुरा भयो । सत्त्वहरूका आ-आफ्ना स्कन्धहरू साह्रै धारिलो शस्त्र समान छन् ।

Downloaded from http://dhamma.digital/

# पाँच बधक

भगवान बुद्धले भन्नु भयो– "हे राध,

१) रूप-स्कन्ध नामक बधक एक,

२) वेदना-स्कन्ध नामक बधक एक,

३) सञ्ञा-स्कन्ध नामक बधक एक,

४) सङ्खार-स्कन्ध नामक बधक एक,

५) विञ्ञाण-स्कन्ध नामक बधक एक ।*

उपर्युक्त उल्लेखित् पालिको आधारमा सबै प्राणीहरू सदा मरण हुने कारणले आ-आफ्नो स्कन्ध रूपी बधक भनी जान्नु पर्‍यो । लोकमा जति पनि मरण भएका छन्; तिनीहरूको आ-आफूमा भएको पञ्च-स्कन्ध विपरीत नभई मृत्यु भएको हुँदैन । भनाईको तात्पर्य हो, आ-आफूमा भएको पञ्च-स्कन्ध विपरीत भएर मात्रै मरण हुन्छ । बिजुली चम्की टाउँकोमा लागे पनि स्कन्ध विपरीत नभएमा मृत्यु हुँदैन । त्यसकारण मुख्यतया स्कन्ध नै बध गर्ने हत्यारा हुन् ।

---

*संयुक्त निकाय, खन्धवग्ग संयुक्त
(२) राधसंयुक्त, (२) दुतियवग्ग, (१) मारसुत्त ।

Downloaded from http://dhamma.digital/

## अर्को किसिमको बधकः

अथवा मरण-धातु नामक मृत्यु धर्मलाई पनि मृत्यु मार भन्ने चलन भएको कारणले विपरिणाम धर्मलाई नै बधक भनिएकोले मनुष्यको स्कन्धमा भएको विपरिणाम धर्मले मनुष्य स्कन्धलाई भित्र भित्रै बध गर्दछ । देव-स्कन्धमा भएको विपरिणाम धर्मले देव-स्कन्धलाई भित्र-भित्रै बध गर्दछ । ब्रह्म-स्कन्धमा भएको विपरिणाम धर्मले ब्रह्म-स्कन्धलाई भित्र-भित्रै बध गर्दछ । मनुष्य-स्कन्ध, देव-स्कन्ध, ब्रह्म-स्कन्धले मरण दण्डलाई सँधै भोग गर्नु पर्ने भएकोले दुःख-दण्ड नै हुन्।

## अपायमा पतन गराउने धर्महरूः

अपाय भय देखी डराएर मनुष्य भूमिमा लुकेर बसेका सत्त्व प्राणीहरूलाई सत्काय-दृष्टि सहितको मनुष्य-स्कन्धहरूले दिन-रात भित्र भित्रै बध गरेर अपायमा पतन गराउने हुन्छ । त्यसरी नै देवलोकमा लुकेर बसेका देव-सत्त्वहरूलाई देव-स्कन्धहरूले दिन-रात भित्र भित्रै बध गरेर अपायमा पतन गराउने हुन्छ । त्यसरी नै ब्रह्म-भूमिमा लुकेर बसेका ब्रह्म-सत्त्वहरूलाई ब्रह्म-कन्धहरूले दिन-रात भित्र भित्रै बध गरेर अपायमा पतन गराउने हुन्छ । स्कन्ध विपरिणामहरू भित्र भित्रै बध गर्नेहरू हुन् । अकुशल कर्मले युक्त भएको सत्काय-दृष्टिहरूले अपायमा पतन गराउने हुन्छ । सत्काय-दृष्टि निरोध र शान्त भइसकेका मनुष्य, देव, ब्रह्माहरू चाहिं आ-आफ्नो स्कन्धले मरण भए पनि अपाय

Downloaded from http://dhamma.digital/

भूमिमा पतन हुने गर्दैनन् । माथि माथिको भूमिमा मात्र जाने हुन्छन् । यस विषयमा तल मार्ग-सत्यमा दर्शाइन्छ ।

## केही तर्क

माथि उल्लेख गरिए अनुसार साँच्चै भन्ने हो भने मनुष्य लोकमा मानिस नहुनु पर्ने हो । छ देवलोकमा देवता नहुनु पर्ने हो । ब्रह्म-लोकमा ब्रह्माहरू नहुनु पर्ने हो । त्यसो नभएको चाहिं होइन । मनुष्य-लोकमा मानिसहरू प्रशस्त छन् । देव-लोक र ब्रह्म-लोकमा पनि देवताहरू र ब्रह्माहरू प्रशस्त छन् । यसकारण यो अधिक मात्रामा तर्साएको भन्न सकिन्छ ।

चार अपाय भयंकर र धेरै संख्या भएकोलाई विचार गर्न नसक्ने केही नजान्ने साधारण मानिसहरूको यो तर्क मात्र हो ।

## दुर्गतिमा अनन्त प्राणीहरू:--

सुगति भूमिको भूमि-क्षेत्र विशाल तर त्यसमा भएको प्राणीहरूको संख्या साह्रै कम । देव-विमान, ब्रह्म-विमान एक एक नेपालको पाँच दस अञ्चल भन्दा पनि ठूलो छ । तिनीहरूको शरीर-स्कन्ध तीन गाउत प्रमाणले महान छ । आकाशमा देखिने नक्षेत्र ताराहरू नै १२-१३ योजन विशाल छन् । दुर्गति भूमि चाहिं सुगति भूमि क्षेत्र भन्दा पनि विशाल अनि त्यस

Downloaded from http://dhamma.digital/

भूमिमा रहने प्राणीहरूको संख्या पनि धेरै मात्रामा छन् ।

## तिर्यंक भूमिमा रहने प्राणीहरू:--

यस चक्रवालमा एक मनुष्य-भूमि, छ देव-भूमि, बीस ब्रह्म-भूमिमा रहेका मनुष्य, देव, ब्रह्माहरूलाई एउटै बाँकी नराखिकन गन्ति गरे पनि हाम्रो देशमा रहेका कमिला जाति एकसँग पनि दाँज्न सकिन्न । कमिला बाहेक हाम्रो देशमा रहेका पानीमा रहने जमीनमा रहने प्राणीहरूको जातिको हिसाबले नै अनन्त छन् । एक एक जातिमा नै प्राणीहरू अनगिन्ति छन् । हाम्रो देश बाहेक यस चक्रवाल भित्र रहेका चार महाद्वीप, स-साना दुइ हजार द्वीपहरू,अनन्त जङ्गल, अनन्त पर्वतहरू छन् । यी बाहेक भित्रको सीदा समुद्रको साथै महाद्वीप र स-साना द्वीपहरू भन्दा बाहिर रहेका चार समुद्रहरू ठूला नदी र साना नदीहरू, ठूला सरोवर र साना सरोवरहरू आदि पृथ्वीको क्षेत्रमा र पानीको क्षेत्रमा भएका जल-चर, थल-चर प्राणीहरूको गन्ति नै छैनन् । यसरी तिर्यंक भूमि एकसंग दाँज्रेर हेरे पनि '२७ सुगति भूमिमा सत्त्वहरू छन्' भन्न पनि मिल्दैन ।

## नरकमा रहने प्राणीहरूको संख्या:--

जम्बुद्वीप जस्तो दस हजार योजन विस्तत भएको आठ

Downloaded from http://dhamma.digital/

महा नरक मध्ये सब भन्दा तल रहेको अवीचि नरकमा 'नारकीय सत्त्वहरू बाँसको त्वाकमा राखिएको सरस्यूँ झैं भरीभराऊ भएको छ' भनी अर्थकथा ग्रन्थमा उल्लेख भएको छ । अवीचि नरकमा साह्रै ठूल-ठूला अकुशल कर्म गर्नेहरू मात्र पतन हुन्छन् । त्यस अवीचि नरकमा त यसरी खाँचा-खाँच नारकीय सत्त्वहरू छन् भने 'स-साना अकुशल कर्मले पतन हुन सक्ने बाँकी रहेका सात महा नरकमा र अरू स-साना अनन्त नरकहरूमा सत्त्वहरू कति छन्' भनी भन्न सकिन्न । यस किसिमले नरक-भूमि एकसंग दाँजेर हेरे पनि 'मनुष्य, देव, ब्रह्मा– २७ सुगति भूमिमा सत्त्वहरू छन्' भन्न पनि मिल्दैन । 'प्रेत-भूमि र असूर भूमिमा पनि यस्तै प्रकारले प्राणीहरू अनन्त छन्' भनी जान्नु ।

## सुगतिमा भन्दा दुर्गतिमा जाने बढी

सुगति भूमिमा जानलाई दान, शील, भावना तीन कुशल कर्महरू मात्र छन् । मरणासन्न अवस्थामा कुशल अघि परी मृत्यु भएमा सुगतिमा पुग्छ । अकुशल अघि परी मृत्यु भएमा अपाय दुर्गतिमा जाने अवश्यंभावी छ ।

हाम्रो देशमा एक दिन भित्रमा मर्ने जल-चर, थल-चर प्राणीहरू अनन्त छन् । ती अनन्त प्राणीहरू मध्ये मरणासन्न कालमा कुशल अघि परी मर्नेहरूको संख्या साह्रै कम । लाखमा एउटा पनि हुँदैन । अपाय भूमिमा भएका सत्त्व प्राणीहरूको त कुरै छैन । कुशललाई कुशल भनी थाहा नभएका सत्त्वहरूलाई

Downloaded from http://dhamma.digital/

कहिले कुशल अघि पर्छ र ? अपायमा पतन भइरहेका सत्त्व-हरूको प्रायः गरी धेरै जन्म लिइसकेको हुनाले पुराना ठूल-ठूला अकुशल कर्महरू केही मात्रामा कम हुने अवस्थामा पहिलेको 'अपरापरिय' कुशल कर्मद्वारा अवसर प्राप्त गरी सुगति भूमिमा फेरि आउन सक्ने हुन्छ । यस्तो 'दिट्ठ-युत्ति', 'सुत-युत्ति' ज्ञान नभएका 'बाल-मुर्खजनहरूले मनुष्य लोकमा मानिस धेरै छन्' भनी ठान्दछन् । आकाशमा नक्षत्र तारा हेरी 'देव-लोकमा देवता-हरू धेरै छन्' भनी सम्भिरहन्छन् । 'मनुष्य जुनी प्राप्त गर्न गाह्रो छ' भनी अलिकति पनि विचार गर्दैनन् । 'काणकच्छप सूत्र' र 'नखसीस सूत्र' देशनालाई केवल सुनेर मात्रै रह्यो। विश्वास चाहिं गरेन ।

यो भयो, माथि उल्लेखित् अज्ञानीजनको तर्कको उत्तर ।

यसरी अथाह संसारमा भएका ब्रह्माहरू, देव-मनुष्य-हरूका पाँच स्कन्ध अथवा नाम-रूप धर्मलाई दु:ख अर्थ चार दण्डसँग सत्त्व समूहहरूलाई सँधै कष्ट दिने, शास्ति गर्ने भई दु:ख-सत्य साँच्चि नै भएको कारणलाई दृष्टान्त रूपले संक्षिप्तमा दर्शाइएको कुरा समाप्त ।

दु:ख-सत्यको व्याख्या यहाँ टुंगिन्छ ।

Downloaded from http://dhamma.digital/

# समुदय-सत्यका चार अर्थको व्याख्या

**समुदय-सत्य :**

अब समुदय-सत्यको अर्थ चारलाई बताउँछु । समुदय सत्य भन्नुको अर्थ– जन्मको प्रवाह निरन्तर रूपले उत्पन्न हुने कारण हो । दुःख प्रवाहबाट अविच्छिन्न रूपले भोग्नु पर्ने कारण हो । तृष्णा क्षय भइसकेका अरहन्त पुद्गलहरूको च्यूति पछि जन्म प्रवाह निरोध हुन्छ । दुःखको प्रवाह पनि निरोध हुन्छ । त्यसकारण सत्त्व प्राणी समूहहरूले 'जन्मको प्रवाह र दुःखको प्रवाह वृद्धि भई रहने तृष्णाको खेल हो' भनी निश्चित रूपमा जान्नु पर्दछ ।

**समुदय स्वभावको दृष्टान्तः–**

लोकमा पञ्चकामगुण नामक तृष्णा भएको हुनाले त्यस तृष्णालाई दमन गर्न सक्ने व्यक्तिहरू स्त्री, पुत्र-पुत्री पालन-पोषण गर्नु पर्ने सम्बन्धी संखत दु ख, सन्ताप दुःख, विपरिणाम दुःख-बाट मुक्त हुन्छन् । त्यस तृष्णामा भुलेर बसेका व्यक्तिहरूलाई स्त्री, पुत्र-पुत्री पालन-पोषण गर्नु पर्ने सम्बन्धी तीन प्रकारका दुःखबाट सँधै पीडा कष्ट दिइरहने हुन्छ ।

Downloaded from http://dhamma.digital/

अति दुर्लभ भएको पवित्र शासनमा संयोग भएर पनि परियत्ति र प्रटिपत्तिबाट वञ्चित हुनु पऱ्यो । त्यस तृष्णालाई महान् भनी ठानेर त्यस तृष्णाको हाँगा-बिङ्गा समान भएका इच्छा, प्राप्त गर्नु पर्ने आकांक्षा, राम्रो पार्नु, शोभा बढाउनु पर्ने, समृद्धि हुनु पर्ने, अरूको दाँजोमा पुग्ने आकांक्षा, आदि अनन्त तृष्णाको वृद्धि गर्दै लैजान्छ। हाङ्गा-बिङ्गा समान भएका तृष्णा-को अभिवृद्धिले आ-आफ्नो तृष्णाले आ-आफ्नो दुःख तीन अलग अलग वृद्धि गर्दछ ।

यो भयो लोकमा आ-आफ्नो तृष्णासँग आ-आफ्नो दुःख तीन दृष्टान्त रूपमा दर्शाइएका कुरा ।

## समुदय-सत्यको अर्थ चौबीसः

रूप-तृष्णा, शब्द-तृष्णा, गन्ध-तृष्णा, रस-तृष्णा, स्पर्श-तृष्णा धर्म-तृष्णा नामक तृष्णा छ थरीका छन् । ती प्रत्येकमा चार चार अर्थ भएकोले समुदय-सत्यको अर्थ चौबीस प्रकारका हुन आउँछन् । वर्ण-सण्ठानमा आशक्त भई बस्नेलाई रूप-तृष्णा भनिन्छ । त्यस रूप-तृष्णाको वशमा जानेहरू राम्रो भएको वर्ण-सण्ठान वस्तुको आलम्बनको कारणले सङ्खत दण्ड, सन्ताप दण्ड, विपरिणाम दण्डबाट मुक्त हुन सक्तैनन् ।

## कसरी मुक्त हुन सक्तैन ?

त्यस तृष्णावाट 'आयुहन कृत्य' द्वारा ती व्यक्तिहरूलाई त्यस

Downloaded from http://dhamma.digital/

वस्तुको आलम्बनलाई ग्रहण गर्ने, आफ्नो अधीनमा राख्ने, सुख अनुभव गर्ने, इच्छा मात्रै वृद्धि हुने गर्दछ । यिनीहरूलाई त्याग गर्ने चित्त उत्पन्न हुने सम्भावना कम हुन्छ ।

'निदान कृत्य' द्वारा जति भयो त्यति बढाउने इच्छा, झन बढी अधीनमा राख्ने इच्छा, जति सुख अनुभव गऱ्यो त्यति बढाउने इच्छा वृद्धि हुँदै जान्छ । सन्तोष हुने चित्त उत्पन्न हुने सम्भावना कम हुन्छ ।

'संयोग कृत्य'द्वारा त्यस वस्तु त्यस आलम्बनको बीचमा कसिएर बाँधेको जस्तो साह्रै बलियो चित्तको बन्धनलाई उत्पन्न गराउँछ । त्यसबाट मुक्त हुने चित्त उत्पन्न हुने सम्भावना कम हुन्छ ।

'पलिबोध कृत्य'द्वारा त्यस वस्तु आलम्बनको अभिवृद्धि-बाट छुटेर गई चित्त शान्त पार्नको लागि मार्गमा लागे तापनि त्यस मार्गमा जान नसक्ने गरी रोक्ने, बाधा दिने हुन्छ । त्यस आलम्बनबाट अलग्ग भई चित्त स्थिर गर्न पनि नसक्ने हुन्छ । रूप-तृष्णाले यी चार कृत्यद्वारा ती व्यक्तिहरूलाई दुःख वृद्धि गराउँदछ । यस्तै प्रकारले शब्द-तृष्णा आदिमा पनि यही नियम लागू हुन्छ । धर्म-तृष्णा भनेको आफ्नो वा आफूलाई मन पर्ने वस्तु, वेदना-स्कन्धमा मजा लिने तृष्णा, संज्ञा-स्कन्धमा मजा लिने तृष्णा, विज्ञान-स्कन्धमा मजा लिने तृष्णा आदि हुन् ।

## तीन तृष्णाको व्याख्याः

अर्को शब्दमाः तीन प्रकारका तृष्णा हुन्—

Downloaded from http://dhamma.digital/

(१) काम-तृष्णा, (२) भव-तृष्णा र (३) विभव-तृष्णा ।

(१) वर्ण-सण्ठान (आकार) आदि काम-वस्तुमा मजा लिने तृष्णालाई काम-तृष्णा भनिन्छ ।

(२) अज्झतिक सन्तानमा (आफूभित्र) हुने ध्यान समापत्तिमा मजा लिने तृष्णालाई भव-तृष्णा भनिन्छ ।

(३) उच्छेद-दृष्टिमा परी 'आत्मा चुँडिन्छ' भन्ने गलत धारणामा मजा लिने तृष्णालाई विभव-तृष्णा भनिन्छ ।

**काम-तृष्णाको स्पष्टीकरण--**

मकैको पिठो, कोदोको पीठो, फाफरको पिठोको ढिंडो खाँदा साह्रै खस्रो भई निल्न नसकिने हुन्छ । त्यसमा घिउ, मखन, माछा अथवा मासुको रससँग मिलाई खाएमा रसिलो र स्वादिलो हुन्छ ।

त्यही किसिमले काम-भूमिमा रहने प्राणीहरूको चित्त कामराग, व्यापाद आदिले दग्ध हुने, पोल्ने, दाह हुने, धर्मसँग मिलेर रहेकोले साह्रै छट्पटाई रहने हुन्छ । कुकुरको घाउमा कीरा लाग्दा एक छिन पनि चुप लागेर बस्न नसके झैं मानिसलाई बाहिरको आलम्बनसँग अलग्ग भई बस्नु पर्दा ऊ बर्बराउन थाल्छ। उसलाई नियास्रो लाग्छ। अल्छि लागेर आउँछ। आफ्नो

Downloaded from http://dhamma.digital/

मिल्ने साथीहरू कहाँ गएर अथवा एक न एक मन पर्ने आलम्बन भएको ठाउँमा दगुर्छ। आफूलाई मन पर्ने एक न एक बाहिरको आलम्बनसँग सम्पर्क राख्न पाएमा मात्र उसलाई मजा आउँछ। जति जति बाहिरको राम्रो आलम्बन भेटिन्छ, त्यति त्यति नै उसलाई आनन्द आउँछ ।

त्यसकारण काम-लोकमा देव-सुख सम्पत्ति, इन्द्र-सुख सम्पत्ति, राजाको सुख सम्पत्ति, साहू महाजनहरूको सुख सम्पत्ति आदि नामक अप्सरा, स्त्रीहरूको साथै भोग सम्पत्ति, धन सम्पत्ति जति सक्यो त्यति जुताएर त्यस आलम्बनमा मजा लिने गर्दछ । ती आलम्बनसँग बिछोड भएमा नियास्रो लाग्ने र दिक्क लाग्ने हुन्छ। उपर्युक्त आलम्बनको कामना छोड्न नसक्ने भई तृष्णा रूपी आगो दन्काई रहन्छ। त्यस तृष्णा रूपी आगो बल्दा त्यसलाई बल्ने वस्तु जुटाउन पर्ने हुन्छ । तृष्णा रूपी आगोलाई चाहिने वस्तु खोजी जम्मा गरी संग्रह गर्दा अनन्त दु:ख र अनन्त दुश्चरित्रहरू सँधै भइरहने हुन्छ। यसलाई काम-तृष्णा भनिन्छ।

## आनन्द लिने बगाएर लैजाने तृष्णा--

यो काम-तृष्णाले काम-भूमिमा रहने सत्त्वहरूलाई स्त्री, पुत्र-पुत्री, धन सम्पत्ति आदि खोजी संग्रह गर्नु भन्नुको अर्थ-अथाह र विशाल समुद्रमा सँधै डुबाएर मार्ने जस्तै हो।

पहाड-पर्वतबाट बग्ने नदीले बाटोमा पर्ने झारपातहरू

Downloaded from http://dhamma.digital/

बगाई समुद्रमा पुऱ्याए झैं सत्कर्मबाट विमुख भएका काम-भूमिमा रहेका देव-मनष्यलाई तृष्णाले चार अपाय दुर्गतिमा पतन गराउँछ ।

काम-तृष्णा समुदय-सत्यको व्याख्या समाप्त ।

काम-तृष्णाको खेललाई थाहा पाउने विद्वान् पण्डितहरूले काम-भूमिलाई अपाय दुर्गति समान ठानी काम-भूमिमा दुःखबाट मुक्त हुनको लागि वर्तमानमा भएको सुख-सम्पत्तिलाई त्यागी जङ्गलमा गई ध्यान-भावना गर्ने कोशिश गर्नु पर्दछ ।

## रस समानको ध्यान सुख

**भव-तृष्णाको स्पष्टिकरणः**

उत्तरकुरु द्वीपमा रहने मानिसहरूले 'जोतिपाषाण' नामक ढुङ्गामा पकाउने खाना अति नै स्वादिष्ट र विभिन्न रसले युक्त भएको हुन्छ । हाम्रो द्वीपमा रहेको घिउ, नौनी र विविध प्रकारको मासुसँग मिलाउनु पर्ने कुनै आवश्यक पर्दैन । मिसाएको खण्डमा त्यसको मूल स्वाद नासिएर जान्छ । मिसाउनु पर्ला भनेर पनि डराउनु पर्ने हुन्छ ।

त्यसरी नै ध्यान प्राप्त भएको व्यक्ति काम- छन्द, व्यापाद आदि नीवरण रूपी तापले अलग भएको हुन्छ । त्यस चित्त

Downloaded from http://dhamma.digital/

स्वाभाविक रूपले साह्रै उत्तम भएको रस युक्त प्रिति सुखले परिपूर्ण भएको हुन्छ । ती पुद्‌गलहरूले त्यस ध्यान चित्तमा प्रवेश गर्दा सुख ऐश्वर्य उपभोग गरिरहेका हुन्छन् । तिनीहरूलाई बाहिरको आलम्बन अति नै बिघ्नकारक हुन्छ । त्यस ध्यान चित्त, ध्यान जवनलाई पनि फेरि फल नामक ब्रह्म-भवलाई पनि आनन्द मनाउने तृष्णालाई भव-तृष्णा भनिन्छ ।

त्यस भव-तृष्णाको दुःख-समुदय हुने ढङ्गलाई उपर्युक्त ब्रह्म-स्कन्धको दुःख-काण्डमा उल्लेख भए अनुसार जान्नु । मिथ्या-दृष्टिले युक्त भएको विभव-तृष्णाको दुःख-समुदयको विषयमा बुद्ध शासनमा प्रधान नभएकोले यहाँ उल्लेख नगरेको हो ।

समुदय-सत्य यहीं समाप्त हुन्छ ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# मार्ग-सत्यका चार अर्थको व्याख्या

अब स्रोतापन्न पुद्गलहरूले अनुभव गर्ने निरोध-अर्थ चार र मार्ग-अर्थ चार उल्लेख गरी दर्शाउन लागेकोमा मार्ग-सत्य चार पहिले दर्शाउँछु—

"मग्गस्स निय्यानट्ठो, हेतुट्ठो, दस्सनट्ठो, अधिपतेय्यट्ठो ।"

यसको अर्थ माथि दर्शाइसकेको छ ।

## निय्यानट्ठलाई अनुभव गर्ने तरिका:

यी अर्थ चार मध्ये स्रोतापन्न पुद्गलहरूले निय्यानट्ठलाई कसरी प्राप्त गर्दछन्, अनुभव गर्दछन् भने स्रोतापत्ति मार्गमा पुग्दा त्यस पुद्गलको सन्तानमा भएको दृष्टि, विचिकित्सा सबै निरोध हुन्छन् । पहिले भएको पुरानो अनन्त दुश्चरित्र कर्महरू, पछि पछिको मूर्खतारूपले व्यवहार गर्नेहरूको नयाँ अनन्त दुश्चरित्र कर्महरू सबै निरोध भएर जान्छन् । अपाय संसारबाट विल्कुल मुक्त हुन्छ । यस जन्म पछि मनुष्य-लोक, देव-लोक, ब्रह्म-लोक नामक सुगति संसार मात्रै बाँकी रहन्छ । त्यस सुगति संसारमा पनि मिथ्या-दृष्टि मनुष्य, देवता, ब्रह्मा भई कहिल्यै उत्पन्न हुँदैनन् । दुश्चरित्र दुराजीव मनुष्य, देवता ब्रह्मा भई उत्पन्न हुँदैनन् ।

Downloaded from http://dhamma.digital/

श्री ऐश्वर्य आनुभाव कम भई मनुष्य, देवता, ब्रह्मा भई उत्पन्न हुँदैनन् । अत्यन्त महान् भएको आनुभाव र ज्ञान बुद्धिले पूर्ण भएको मनुष्य, देवता र ब्रह्मा भएर मात्र उत्पन्न हुन्छन् । यसरी बाँकी रहेको सुगति सम्पत्ति संसारमा पनि, वर्तमान र अनागत भवको तल्लो भवमा प्रतिसन्धि हुँदैनन् । आ-आफू उत्पन्न भएको भूमिमा फेरि उत्पन्न हुन चाहेमा उत्पन्न हुन सक्छन् । माथिल्लो भूमिमा जान चाहेमा पनि जान सक्छन् ।

## लोकुत्तर भूमिमा रहने सत्त्वहरू :

यस्तै प्रकारले अनकौं जन्म, अनेकौं कल्प सुगति संसारमा घुमिरहने हुन्छन् । यसरी सुगति संसारमा घुमिरहने भए तापनि अरू अरू पृथग्जन मनुष्य, देवता, ब्रह्माहरू जस्तै संसार चक्रमा डुबेर बस्तैनन् । बगिने पनि हुँदैनन् ।

स्रोतापत्ति मार्गमा पुगेदेखि सत्काय-दृष्टि, विचिकित्सा, दुश्चरित्र, दुराजीव, अपाय दुःखबाट मुक्त हुने 'सउपादिसेस निब्बान' नामक 'लोकुत्तर अवट्ठा भूवन'मा पुग्ने हुन्छन् । आर्य-भूमिमा रहने सत्त्वहरूको रूपमा घुमिरहने हुन्छन् । लोकुत्तर-भूमिमा रहने सत्त्वहरूको रूपमा घुमिरहने हुन्छन् ।

यसरी घुमिरहँदा मनुष्य-सुख, देव-सुख, ब्रह्मा-सुख अनुभव गरी घुम्न मन नलागे पछि विरक्त भई क्रमशः 'अनुपादिसेस निर्वाण' तिर ढल्कन्छन् ।

Downloaded from http://dhamma.digital/

स्रोतापन्न पुद्‌गलहरू कसरी 'अनुपादिसेस निर्वाण' मा उक्लछन् भन्ने यो व्याख्या हो । यही नै निय्यानट्ठको अर्थ हो ।

स्रोतापन्न पुद्‌गलहरूले निय्यानट्ठको हेतुलाई प्राप्त गरी अनुभव गर्ने तरिका उपर्युक्त व्याख्याले दर्शाउँछ ।

## हेतुट्ठलाई अनुभव गर्ने तरिका:

ती स्रोतापन्न पुद्‌गलहरूले हेतुट्ठ अर्थलाई कसरी अनुभव गर्दछन् भने स्रोतापत्ति मार्ग प्राप्त भएको क्षणदेखि ती पुद्‌गल-हरूमा आर्य सत्पुरुषहरूको गुण धर्महरू दृढ र स्थिर रूपले प्रतिस्थापित हुन्छन् । एक जन्मबाट अर्को जन्ममा क्रमशः वृद्धि हुँदै जान्छन् । शील गुण पनि एक जन्मबाट अर्को जन्ममा क्रमशः दृढ हुँदै जान्छन् । त्यस्तै किसिमले समाधि गुण र प्रज्ञा गुणहरू पनि एक जन्मबाट अर्को जन्ममा क्रमशः दृढ हुँदै जान्छन् । सतिपट्ठान, सम्मप्पधान, इद्धिपाद, इन्द्रिय, बल, बोझङ्ग, मग्गाङ्ग धर्म गुणहरू क्रमशः दृढ हुँदै जान्छन् ।

संसारमा घुमिरहँदा यी गुण धर्महरू अनेक जन्म अनेक कल्पसम्म एक जन्मबाट अर्को जन्ममा क्रमशः वृद्धि भई दृढ हुँदै जान्छन् । यसैलाई हेतुट्ठ भनिन्छ ।

स्रोतापन्न पुद्‌गलहरूले हेतुट्ठको अर्थलाई प्राप्त गरी अनुभव गर्ने तरिका उपर्युक्त व्याख्याले दर्शाउँछ ।

Downloaded from http://dhamma.digital/

## दस्सनट्ठलाई अनुभव गर्ने तरिका:

ती स्रोतापन्न पुद्गलहरूले दस्सनट्ठको अर्थलाई कसरी अनुभव गर्दछन् भने स्रोतापत्ति मार्ग प्राप्त भएको क्षणदेखि जन्म जन्मान्तर र कल्प कल्पान्तरमा चक्कर लगाउँदै 'अनुपादिसेस निर्वाण' प्राप्त गर्ने जन्मसम्ममा ती पुद्गलहरू

१) दुःख सत्यमा प्रमादी हुँदैनन्;
२) समुदय सत्यमा प्रमादी हुँदैनन्;
३) निरोध सत्यमा प्रमादी हुँदैनन्;
४) मार्ग सत्यमा प्रमादी हुँदैनन्।

मनले विचार गर्दा र प्रत्यवेक्षण गर्दा खेरी आकाशमा नक्षत्र ताराहरूलाई देखे झैं चार आर्य-सत्य धर्म तिनीहरूको ज्ञानमा प्रकट हुन्छन्।

यो भयो स्रोतापत्ति मार्गको दस्सनट्ठलाई स्रोतापन्न पुद्गलहरूले अनुभव गर्ने तरिका।

## अधिपतेय्यट्ठलाई अनुभव गर्ने तरिका:

ती स्रोतापन्न पुद्गलहरूले अधिपतेय्यट्ठको अर्थलाई कसरी अनुभव गर्दछन् भने स्रोतापन्न पुद्गलहरूमा यस जन्म-देखि जन्म-जन्मान्तरमा, कल्प-कल्पान्तरमा उत्पन्न भएको दान, शील, भावना आदि कुशल धर्महरू तृष्णाको अधिकारबाट मुक्त

Downloaded from http://dhamma.digital/

हुन्छ । पुण्याभिसङ्खार स्वभावले मुक्त हुन्छन् । लौकिक कुशल मध्ये अति श्रेष्ठ भावमा पुगेका हुन्छन् । मलेर सफा गरेको शंख झैं टल्किन्छन् । 'अनुपादिसेस निर्वाण'मा पुग्नको लागि साधन स्वरूप हुन्छन् ।

यो भयो स्रोतापत्ति मार्गको अधिपतेय्यट्ठलाई स्रोतापन्न पुद्गलहरूले अनुभव गर्ने तरिका ।

यसरी स्रोतापत्ति मार्गको अथ चार दर्शाएइको कुरा समाप्त ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# निरोध सत्यका चार अर्थको व्याख्या

निर्वाण नामक निरोध सत्यको अर्थ चार दर्शाउँछु ।

"निरोधस्स निस्सरणट्ठो, पविवेकट्ठो, असंखतट्ठो, अमतट्ठो ।"

## सउपादिसेस निर्वाणको स्पष्टिकरण:

स्रोतापत्ति मार्ग र स्रोतापत्ति फलमा पुगिसकेका अनाथपिण्डिक, विशाखा जस्ता आर्यहरू आजकल चातुमहाराजिका, तावतिंस आदि छ देवलोकमा भरीभराउ छन् । 'सउपादिसेस निर्वाण' नामक 'लोकुत्तर अवस्था भुवन' सुमेरु पर्वतको फेदीमा भएको सीदा महासमुद्र समान हो । असंख्य अनन्त आर्य पुद्गलहरू त्यस महासमुद्र भित्र भएका असंख्य अनन्त माछाहरू जस्तै हुन् ।

## घट्ने, पोल्ने, धमिलो हुने हुँदैन--

कसरी समान हुन्छ भने युगन्धर पर्वत भित्र रहेको त्यस सीदा महासमद्र गहिराइमा चौरासी हजार योजना, चौडाइमा पनि चौरासी हजार योजन र लम्बाईमा लाखौं योजन लामो छ । महासमद्रमा एक कल्पसम्म एक अंगुल पानी

Downloaded from http://dhamma.digital/

पनि घट्दैन । सूर्यको किरण पनि पर्दैन । त्यसैले पानी पनि पोल्दैन । मयूरको प्वाँख, भुवा, कपास तैरन्दैनन् अथवा डुब्छन् । पानी साह्रै निर्मल भएकोले रत्तिभर पनि धमिलो छैन ।

त्यस्तै वर्तमान अवस्थामा अनाथपिण्डिक, विशाखा आदि 'वट्टाभिरत स्रोतापन्न'* आर्य पुद्गलहरूको आधार भएको त्यस 'सउपादिसेस निर्वाण' नामक 'लोकुत्तर अवस्था भुवन'मा असंख्य कल्प बिते पनि निर्वाणको स्वभाव घटेर जाँदैन । निर्वाण क्षेत्र सिद्धिँदैन । निर्वाण स्वभाव सिद्धेर ती आर्य पुद्गलहरूमा दृष्टि विचिकित्सा, दुश्चरित्र, दुराजीव, अपाय दुःख उत्पन्न हुँदैनन् ।

## सीदा समुद्र र सउपादिसेस निर्वाणः

सीदा समुद्र भित्र रहेका ठूल-ठूला माछाहरूले 'पानी कम भएर जान्छ, सुकेर जान्छ' भनी केही सुर्ता नलिए झैं ती आर्य पुद्गलहरूले पनि आफू प्रतिष्ठित भएका आपना 'लोकुत्तर अवस्था भुवन'को शान्ति स्वभाव कम भएर जान्छ, सिद्धिएर जान्छ भनी कति पनि सुर्ता लिनु पर्दैनन् । त्यस सीदा समुद्रको पानी नपोले झैं त्यस 'लोकुत्तर अवस्था भुवन'मा पनि कुनै पनि क्लेश रूपी सूर्यको किरण नपर्ने, वट्ट दुःख रूपी सूर्यको किरण

*क्रमिक रूपले माथि माथिको देवभूमिमा देव-सुख अनुभव गर्दै जाने पुद्गलहरू

Downloaded from http://dhamma.digital/

नपर्ने हुँदा असंख्य कल्प बिते पनि रत्तिभर पनि पोल्दैन । त्यस सत्काय दृष्टि आदि निरोध र शान्त भइसकेको कारणले अब कुनै हालतमा पनि फेरि पोल्ने हुँदैन ।

## ठूल-ठूला माछाहरूको उपमासँग आर्य पुद्गलहरूः

सीदा समुद्र भित्र रहेका माछाहरूले 'पानी पोल्छ' भनी धन्दा सुर्ता लिन नपरे भैं ती आर्य पुद्गलहरूले पनि ती सत्काय दृष्टि आदि मार्गद्वारा क्लेशलाई निःशेष रूपमा हटाएर पठाइ-सकेको हुनाले त्यस क्लेशबाट दुःख सन्ताप हुन्छ भनी धन्दा सुर्ता लिन नपर्ने हुन्छ । त्यस सीदा समुद्र भित्र रहेका ठूल-ठूला माछाहरूले 'पानी धमिलो हुन्छ' भनी धन्दा लिनु नपरे भैं ती आर्य पुद्गलहरूले पनि आफू प्रतिष्ठित भइरहेका 'अवस्था भुवन' मा दृष्टि, विचिकित्सा, दुश्चरित्र, दुराजीव र अपाय दुःखहरू फेरि उत्पन्न हुन्छन्, शान्ति-स्वभाव फेरि धमिलो हुन्छ भनी केही सुर्ता लिनु पर्दैनन् ।

त्यस सीदा समुद्रमा रहेका असंख्य अनन्त ठूल-ठूला माछाहरूले 'आफू रहेका सीदा समुद्रको पानी सुकेर जान्छ; कम भएर जान्छ, पानी धमिलो हुन्छ; पानी पोल्छ'; भन्ने पीरले अरू अरू दह, सरोवर, नदी, अरू सीदा समुद्रको आकांक्षा गर्न नपरे भैं त्यस 'वट्टाभिरत स्रोतापन्न' अनन्त आर्य पुद्गलहरूले पनि अरू अरू भगवान् अरू अरू शासनको कामना गर्दैनन् ।

त्यस 'सउपादिसेस निर्वाण' नामक 'लोकुत्तर अवस्था भवन'मा

Downloaded from http://dhamma.digital/

बसी मनुष्य-सुख, देव-सुख, ब्रह्मा-सुख अनेक जन्म, अनेक कल्प-सम्म अनुभव गरी अघाइसकेपछि 'अनुपादिसेस निर्वाण'मा ढल्कन्छन् ।

**प्रश्नः**

ती स्रोतापन्न पुद्गलहरू 'सउपादिसेस निर्वाण' नामक 'लोकुत्तर अवस्था भुवन'मा पुग्छन् भन्ने कुरालाई लिएर यहाँ केही चर्चा गरिन्छ ।

ती स्रोतापन्न पुद्गलहरू कुनै कुनै क्लेशबाट मुक्त नभएको हुँदा प्रतिसन्धि लिनु पर्ने, वृद्ध हुनु पर्ने, मृत्यु हुनु पर्ने दुःखबाट मुक्त भएका हुँदैनन् । त्यसकारण 'तिनीहरू निर्वाणमा पुगी सक्यो भन्न योग्य हुँदैन' भनी प्रश्न गर्न सकिन्छ ।

**उत्तरः**

कुनै कुनै क्लेशहरूबाट मुक्त नभएको हुँदा, 'सउपादिसेस निर्वाण' भन्ने विशेष नाउँ दिनु भएको हो । त्यस्तै पञ्च-स्कन्ध सहित अनेक जन्म, अनेक कल्पसम्म प्रतिसन्धि लिनु पर्ने; वृद्ध हुनु पर्ने; मृत्यु हुनु पर्नेबाट मुक्त नभए पनि 'सउपादिसेस निर्वाण' भनी नाउँ राखेको हो । 'सउपादिसेस निर्वाण'को गतिविधि र निर्वाण क्षेत्रको विशालतालाई नबुझेको हुनाले चर्चा गरिएको हो ।

Downloaded from http://dhamma.digital/

ती आर्य पुद्‌गलहरूले मनुष्य-सुख, देव-सुख, ब्रह्मा-सुख अनुभव गरी अघाउँदा अरहन्त भावमा पुगी पञ्च-स्कन्धलाई त्याग गरी फेरि पार टर्ने अवस्थालाई 'अनुपादिसेस निर्वाण' भनिन्छ । त्यस निर्वाण स्रोतापन्न पुद्‌गलको क्षेत्र होइन । त्यस-कारण स्रोतापन्न पुद्‌गलको निर्वाणको विषयलाई 'अनुपादिसेस निर्वाण' भनिंदैन ।

## (१) निस्सरणट्ठ--

निस्सरणट्ठको अर्थ हो- दृष्टि, विचिकित्सा प्रमुख भई साह्रै मलिन भएको क्लेश वट्ट र अपाय भव नामक विपाक वट्ट-बाट बिल्कुल मुक्त हुनु । पृथग्‌जन भई राजा, देवराज-इन्द्र, महाब्रह्मा, भइरहेता पनि उनीहरूमा दृष्टि, विचिकित्सा, दुश्च-रित्र, दुराजीव अपाय भवबाट बिल्कुल मुक्त हुनु; पूर्णत: शान्त हुनु नामक निस्सरणट्ठ हुँदैन । तिनीहरू दृष्टि, विचिकित्सा, दुश्च-रित्र, दुराजीव सहित भई रहने हुनाले अपायबाट बिल्कुल मुक्त हुन सक्तैन ।

निस्सरणट्ठ समाप्त ।

## (२) पविवेकट्ठ--

स्रोतापन्न पुद्‌गलहरूको अनेक जन्म, अनेक कल्प बिति-

Downloaded from http://dhamma.digital/

सके पनि आ-आफ्नो चित्तमा मिथ्यादृष्टि, दुश्चरित्र, दुराजीव धर्मले बाधा दिने, अपाय दुःखले बाधा दिनेबाट तिनीहरू बिल्कुल मुक्त भइसकेका हुन्छन् । यसरी संसारमा पाप धर्म र अपाय दुःखले बाधा दिनु; विध्वंस हुनुबाट मुक्त हुनु स्रोतापन्न पुद्गल हरूले अनुभव गर्ने पविवेकट्ठ हो ।

पृथग्जन राजा, देवराज-इन्द्र, महाब्रह्मा भइरहेतापनि तिनीहरू कहिले सम्यक् दृष्टि भई निर्मल भईरहे कहिले मिथ्या दृष्टि भई मलीन भई रहन्छन्; कहिले श्रद्धा चित भई निर्मल भई रहे कहिले विचिकित्साले मलीन भई रहन्छन्; कहिले सुचरित्र कर्मले निर्मल भई रहे कहिले दुश्चरित्र कर्मले मलीन भई रहन्छन् । कहिले सुगति सुखले आनन्द भई रहे कहिले दुर्गति दुःखले मुक्त हुँदैनन् । यसरी बाधा दिनुबाट मुक्त हुँदैनन् ।

पविवेकट्ठ समाप्त ।

## (३) असंखतट्ठ––

स्रोतापन्न पुद्गलहरूले प्राप्त गरेको दृष्टि, विचिकित्सा, दुश्चरित्र, दुराजीव, अपाय दुःखबाट बिल्कुल मुक्त भएको 'सउपादिसेस निर्वाण' असंख्य कल्प बितिसके पनि विनाश हुँदैन । 'अनमतग्ग संसार' लामो भए अनुसार 'सउपादिसेस निर्वाण' पनि नित्य, स्थावर भई स्थिर रहन्छ । यसरी विनाश नहुने नित्य स्थावर धम भएकोले नयाँ दुःख सृजना गर्दैन । निर्वाण विनाश

Downloaded from http://dhamma.digital/

भई, जीर्ण भई, नाश भई आफूमा त्यस निर्वाण फेरि उत्पन्न गर्नको लागि दान गर्नु पर्ने दुःखमा फस्नु पर्दैन । ऋषि हुने, श्रमण हुने दुःखमा पनि फस्नु पर्दैन । यसरी बार बार बनाउनु पर्ने सङ्खार दुःखबाट मुक्त हुने स्रोतापन्न पुद्गलहरूले अनुभव गरिरहेकोलाई असंखतट्ठ भनिन्छ । स्रोतापन्न पुद्गलहरूमा बाँकी रहेको क्लेश निरोध गर्नको लागि मात्र दान, शील, उपोसथ भावना कार्य बाँकी रहन्छ । निरोध भइसकेको सत्काय दृष्टि, विचिकित्सा, दस दुश्चरित्र फेरि शान्त गर्नु पर्ने आवश्यक पर्दैन ।

असंखतट्ठ समाप्त

## (४) अमतट्ठ--

त्यस सत्काय-दृष्टि, विचिकित्सा, दुश्चरित्र, दुराजीव, अपाय दुःखबाट बिल्कुल मुक्त भएको 'सउपादिसेस निर्वाण' 'अनमतग्ग संसार'मा कुनै कालमा पनि जीर्ण भई विनाश हुँदैन । अनाथ-पिण्डिक, विशाखा, आदि 'वट्टाभिरत स्रोतापन्न' पुद्गलहरूमा एक जन्ममा एक पल्ट पञ्च-स्कन्ध विनाश हुन्छ । तर आ-आफूले प्राप्त गरेका ती 'सउपादिसेस निर्वाण' चाहिं स्कन्ध नाश भए पनि विनाश हुँदैन । स्कन्ध-भव एक विनाश भई अर्को स्कन्ध-भवमा पुगे पनि त्यस 'सउपादिसेस निर्वाण'मा नै पुगिरहन्छ । पृथग्जन-स्कन्ध फेरि उत्पन्न हुँदैन । स्कन्ध चाहिं (मत-धातु) मृत-धातु

Downloaded from http://dhamma.digital/

भएको हुँदा एक जन्ममा एक पल्ट विनाश हुन्छ । निर्वाण चाहिं (अमत-धातु) अमृत-धातु भएकोले स्कन्ध विनाश भए पनि कहिल्यै विनाश हुँदैन । 'अनुपादिसेस निर्वाण'संग संगै जोडेर जान्छ । त्यस स्रोतापन्न पुद्गल अनेक जन्म अनेक कल्प संसारमा घुमिरहेतापनि त्यस 'सउपादिसेस निर्वाण' शान्त भई सिद्धिएर जाँदैन । यसरी स्रोतापत्ति मार्गमा पुगेको जन्मदेखि 'अनुपादिसेस निर्वाण' प्राप्त नभएसम्म अनेक जन्म, अनेक कल्प बिते पनि कहिल्यै विनाश नहुने, नसिद्धिने हुँदा ती अनगिन्ति 'वट्टाभिरत स्रोतापन्न'हरूको शरण स्वरूप भएको र सँधै तिनीहरूलाई सुरक्षा गरी आएको हुन्छ । त्यसकारण ती स्रोतापन्न पुद्गलहरूले अनुभव गरिरहेकोलाई अमतट्ठ भनिन्छ ।

अमतट्ठ समाप्त ।

स्रोतापन्न पुद्गलहरूले अनुभव गर्ने 'सउपादिसेस निर्वाण'को यी चार अर्थ हुन् ।

त्यस पछि सकृदागामी पुद्गल, अनागामी पुद्गल, अर्हन्त पुद्गलहरूले अनुभव गर्ने चार प्रकारका निर्वाणको अर्थ चाहिं स्रोतापन्न पुद्गलहरूमा दर्शाइएको विधि अनुसार ती पुद्गल अनुसार विभाजन गरी जान्नु ।

Downloaded from http://dhamma.digital/

## सत्यको अर्थ सोह्रसंग चार कृत्य मिलाई दर्शाइएको कुरा--

१) दु:ख-सत्यको अर्थ चार चाहिं 'परिञ्ञा किच्च',
२) समुदय-सत्यको अर्थ चार चाहिं 'पहाण किच्च',
३) निरोध-सत्यको अर्थ चार चाहिं 'सच्छिकरण किच्च',
४) मार्ग-सत्यको अर्थ चार चाहिं 'भावना किच्च'।

### त्रि-लक्षणमा अन्तर्गत भएको विधि:

योगी पुद्गलहरूले दु:ख-सत्यको चार अर्थलाई राम्रोसँग पूर्ण रूपले दखल हुने गरी देख्न सक्ने गरी कोशिश गर्नु पर्दछ। दखल हुने गरी राम्रोसँग दु:ख-सत्यलाई देखेमा 'परिञ्ञा किच्च' पूर्ण भएपछि बाँकी रहेका तीन सत्यको बाह्र अर्थ स्वतः पूर्ण हुन्छ। फेरि एक चोटी ती बाह्र अर्थलाई बुझ्नको निमित्त कोशिश पर्नु पर्दैन। ती दु:ख-सत्यको चार अर्थलाई बुझेमा अनित्य, दु:ख, अनात्मा– त्रि-लक्षण स्वत: त्यसैमा अन्तर्गत हुन्छ। पलीनट्ठ, संखतट्ठ, सन्तापट्ठ, – यी तीन दु:ख लक्षणको अन्तर्गत पर्दछ। विपरिणामट्ठ एक अनित्य लक्षण नै हो। अनित्य दु:ख दुइ वटा अन्तर्गत भएपछि अनात्म लक्षण चाहिं स्वत: अन्तर्गत पर्ने भयो। त्यसकारण अनित्य दु:ख, अनात्म पूर्ण भए

Downloaded from http://dhamma.digital/

पछि विस्तृत रूपमा दर्शाइएको सत्यको अर्थ स्वतः पूर्ण हुन्छ । अनित्य, दुःख, अनात्म–त्रि-लक्षणमा पनि एउटा राम्रोसँग पूर्ण भएमा बाँकी रहेका दुइ पनि स्वतः पूर्ण हुन्छ ।

"एतेसु तीसु लक्खणेसु एकस्मिं दिट्ठे इतरद्वयं दिट्ठमेव होति । 'तेनवुत्तं अनिच्चं सञ्ञिनो मेघिय अनत्त सञ्ञा सण्ठाती' ति ।"*

अर्थ— यी तीन प्रकारका लक्षणहरू मध्ये एकलाई देखेमा बाँकी रहेका दुइलाई स्वतः देखिन्छ । त्यसकारण "अनिच्च सञ्ञिनो मेघिय अनत्त सञ्ञा सण्ठातीति ।" भगवान बुद्धले भन्नु भयो— त्रि-लक्षणहरू मध्ये एक एक वटालाई देखेमा बाँकी रहेका दुइको कृत्य पूर्ण हुन्छ ।

**अनित्य लक्षण प्रधान :**

ती तीन मध्ये पनि अनित्य लक्षण एउटै नै प्रधान हो । अनित्य लक्षण भनेको मरण कृत्य हो । आ-आफ्नो स्कन्ध देहमा आँखा झिमिक गर्ने समयसम्म पनि स्थिर नभइकन मरण-भयले संहार गरिरहेकोलाई अनित्य लक्षण भनिन्छ । स्कन्ध-देह सबैमा परमाणुसम्म पनि बाँकी नहुने गरी आँखा झिमिक गरुञ्जेल-पनि मरण भयले निरन्तर संहार गरिरहेको देखेमा दुःख लक्षण

*अंगुत्तर अट्ठकथा त, सम्बोधि सुत्त २. ५. ८.

Downloaded from http://dhamma.digital/

देख्ने, अनात्म लक्षण देख्ने कुरा सिद्ध हुन्छ। सिद्ध हुने तरिका: आ-आफ्नो स्कन्ध-देल सबैमा शरीर भरीमा अणु मात्रमा आँखा झिमिक गरुञ्जेह स्थायि रूपले मरण भएले निरन्तर संहार गरिरहेको यस स्कन्ध-देहलाई 'सुख' भनी ठान्नु ठीक छ? आफ्नो सार भएको 'अत्त' भनी लिनु केही छ?

यो भयो तीन लक्षण मध्ये अनित्य लक्षण एकलाई प्रधान गरी दर्शाइएको कुरा।

त्यस अनित्य लक्षण एकलाई पनि पञ्चः स्कन्ध पाँच मध्ये रूप-स्कन्ध एउटालाई राम्रोसँग देख्न सकेमा अनागामी मार्ग फलमा समेत पुग्न सकिन्छ। नाम-स्कन्ध चार मध्ये एक एकलाई राम्रोसंग देख्न सकेमा अर्हन्त मार्ग; अर्हन्त फलमा समेत पुग्न सकिन्छ।[4]

---

[4]यस विषयमा 'आहार दीपनी' ग्रन्थमा पालि प्रमाण सहित दर्शाइएको छ।

Downloaded from http://dhamma.digital/

# प्रेरणा

त्यसकारण यस समयमा दृष्टि, दुश्चरित्र नामक अन्धकारमय जङ्गल जस्तो भएको लौकिक भूमिमा बस्ने र संसार वट्टमा घुम्नु पर्ने कार्यबाट मुक्त भएका विशाखा, अनाथपिण्डिक महाजनहरू 'सउपादिसेस निर्वाण' नामक लोकुत्तर भूमिमा पुगी त्यस लोकुत्तर भूमि भित्र लोकुत्तर भूमि निबासी भए ।

माथि उल्लेख गरिए अनुसार मार्ग-सत्यको अर्थ चार, जन्म-जन्मान्तर, कल्प-कल्पान्तरै पीछे धारण र अनुभव गरी वट्टाभिरत स्रोतापन्नहरू झैं मनुष्य, देव. ब्रह्माहरू आर्य भावमा रही संसारमा घुम्ने इच्छा भएका प्राणीहरू उक्त भनी आएका सोह्र प्रकारका सत्य अर्थलाई योग्यता अनुसार आफ्नो अधिकारमा राख्नको लागि पञ्च-स्कन्ध पाँच मध्ये एक न एकलाई अनित्य लक्षण देख्न सक्ने बिधिलाई राम्ररी जान्ने गुरु कहाँ गई राम्रोसँग सिकेर टाउँकोमा आगो बल्दा र छातीमा भालाले रोप्दा आगो शान्त गर्ने र भाला झिक्ने सिवाय उसलाई अरू कुनै काम गर्ने मौका नभए जस्तै यस समयमा पनि सत्काय दृष्टि रूपी अग्नि र भालालाई हटाउनको लागि निरन्तर रूपले 'विपस्सना' कार्यमा लाग्न सक्नु परेको छ ।

Downloaded from http://dhamma.digital/

## मेरा अरू पुस्तकहरू:–

**प्रकाशित :**

(१) बुद्ध-वचन
(२) नारी प्रति बुद्धका देन
(३) विधुर जातक
(४) मग्गङ्ग दीपनी (प्रथम, दुतीय, तृतीय संस्करण)
(५) महाचीन यात्रा
(६) बुद्धका प्रथम सन्देश
(७) बोधिपक्खिय दीपनी
(८) नियाम दीपनी
(९) नियाम दीपनी (वर्मीज अनुवाद)
(१०) जिगु पौ

**प्रकाशन प्रतीक्षामा :**

(१) बुद्ध-धर्म-संघ
(२) विधुर जातक (नेपाल भाषा)
(३) उपयोगी विचारधारा
(४) त्रिरत्न वन्दना
(५) आजको युगमा महात्मा गान्धिको विचार र उपयोगिता (निबन्ध)
(६) लेख संग्रह

मुद्रक : लक्ष्मी छापाखाना, यट्खा काठमाडौं, नेपाल ।

Downloaded from http://dhamma.digital/